महोत्तरी-४ मा कांग्रेसका राय विजयी | पृष्ठ २ मा

जनकपुर टुडेको सम्पर्क नं. ९८५४०२६०२५, ९८०१६२६०२६, ०४१-५९११०१ विज्ञापनको लागि मात्र jtodayad@gmail.com

छिटो र सर्वाधिक बिक्री हुने

मधेशको पहिलो 'क' वर्गको राष्ट्रिय दैनिक

# जनकपुर टुडे

Janakpur Today Daily

www.ejanakpurtoday.com



वर्ष २५ | •अंक १८२ | • २०७९ साल मंसिर ११ गते आइतबार (27 November, Sunday, 2022) | •पृष्ठ ८ | •मूल्य रु. ५।-

### यादवको लगातार छैठौ जित

## सर्लाहीमा महतोलाई 'जोडका झट्का धीरे से लगे'





**टुडे समाचारदाता**

मलंगवा ।सर्लाही जिल्लाको निर्वाचन क्षेत्र नम्बर २ बाट प्रतिनिधि सभा सदस्यमा नेपाल समाजवादी पार्टीका कार्यकारिणी अध्यक्ष महेन्द्र राय यादव लगातार दोस्रो पटक विजयी भएका छन् ।सर्लाहीबाट उनी लगातार छैटौ पटक चुनाव जितेका हुन् ।

उनले निकटतम् प्रतिद्वन्दी लोकतान्त्रिक समाजवादी पार्टी(लोसपा) का वरिष्ठ नेता राजेन्द्र महतोलाई २ हजार ११ मतको अन्तरले पराजित गरेका हुन् ।यादवबाट दोस्रो पटक महतो पराजित भएका छन् ।

यादवले २३ हजार ५ सय २९ मत ल्याएर विजयी भएका छन् ।महतोले २१ हजार ५ सय १८ मत प्राप्त गरे ।नेकपा एमालेका उम्मेदवार राजनारायण साहले १४ हजार ८ सय १९ मत ल्याए ।जनमत पार्टीका उम्मेदवार नरेशप्रसाद कुशवाहाले ६ हजार ५ सय ५४ मत प्राप्त गरेको निर्वाचन आयोगले जनाएको छ ।

२०७४ सालको निर्वाचनमा यादवविरुद्ध लड्ने आँट गर्न नसकेका महतो धनुषा जिल्लाको निर्वाचन क्षेत्र नम्बर ३ मा नेपाली कांग्रेसका नेता विमलेन्द्र निधिलाई पराजित गरेका थिए ।यस पटक भने नेकपा एमालेकी नेतृ जुली महतोसित चुनाव लड्ने आँट गर्न नसकेर सर्लाहीको २ नम्बरबाट उम्मेदवार भएका थिए ।

चुनाव घोषणा भइसक्दा पनि धनुषाको ३ बाट नै लड्ने प्रचार गरेका महतोलाई जुलीले क्षेत्र छाड्न अस्वीकार गरेपछि उनी सर्लाही फिर्ता भएका थिए ।तर महतोलाई 'जोडका झट्का धीरे से लगे' भएको छ ।

लोसपाका ४ प्रमुख नेता मध्ये अध्यक्ष महन्थ ठाकुर महोत्तरी जिल्लाको निर्वाचन क्षेत्र नम्बर ३ बाट र वरिष्ठ नेता शरतसिंह भण्डारी निर्वाचन क्षेत्र नम्बर २ बाट लगातार दोस्रो पटक निर्वाचित भएका छन् ।धनुषाबाट क्षेत्र परिवर्तन गरी सर्लाही गएका महतो र रौतहटबाट क्षेत्र परिवर्तन गरी धनुषा आएका अनिल कुमार झा पराजित भएका छन् ।

यादवविरुद्ध सहज जित निकाल्न सक्ने आकलन गरेका महतो नराम्ररी पराजित भएका छन् ।सत्तारुढ गठबन्धनको आधिकारिक उम्मेदवार रहेका यादव विरुद्ध महतोले पनि गठबन्धनमा रहेको प्रचार गरेका थिए ।

सर्लाहीमा अलोकप्रिय रहेका महतोलाई संविधान सभाको चुनावमा पनि यादवले भारी मतान्तरले पराजित गरेका थिए ।निर्वाचन क्षेत्र नम्बर २ को ख बाट गठबन्धनका कांग्रेसका प्रदेश सभा उम्मेदवार कौशलकिशोर राय पनि जितेका छन् ।प्रदेश क बाट नेपाली कांग्रेसका जंगीलाल यादव निर्वाचित भएका छन् ।

सर्लाही जिल्लाको निर्वाचन क्षेत्र नम्बर १ को क बाट महतोका भतिजा उपेन्द्र महतो भने दोस्रो पटक प्रदेश सभामा निर्वाचित भएका छन् ।तर उनका पिता चन्दनगर गाउँपालिकाको अध्यक्षमा पराजित भएका थिए ।

### उपेन्द्रको दुखेसो सहितको चेतावनी

## 'हस्तक्षेप स्वीकार हुँदैन'



**टुडे समाचारदाता**

काठमाण्डु । प्रतिनिधि सभासदस्यमा सप्तरी जिल्लाबाट पराजित भएका जनता समाजवादी पार्टी (जसपा) का अध्यक्ष उपेन्द्र यादवले दुखेसो सहितका चेतावनी दिएका छन् ।हालै सम्पन्न प्रतिनिधिसभाको निर्वाचनमा आफूलाई पराजित गर्नकालागि आन्तरिक र बाह्य षडयन्त्र भएको सुइको आफूले पाएको बताउँदै अध्यक्ष यादवले कुनै खाले हस्तक्षेप स्वीकार नहुने उनले चेतावनी दिएका छन् ।

चुनाव परिणाम सार्वजनिक भएपछि पहिलो पटक शनिवार जारी गरेको प्रेस नोटमा उनले भनेका छन् - 'चुनावको परिणाम रहस्यमयी रहे पनि जनताको निर्णयको सम्मान गर्छु ।

'बहिष्करणमा पारिएका जनसमुदायहरूको शिक्षा, स्वास्थ्य, रोजगारी, आवास, न्याय लगायतका आधारभूत आवश्यकताप्रति हामी सुरुदेखि नै प्रतिबद्ध थियौं, छौं र रहने छौं ' उनले भने, अबको प्रयास भनेको प्राप्त उपलब्धिहरूको संरक्षण र बाँकीको लागि सङ्घर्षगर्दै आर्थिक उन्नति मार्फत समतामूलक विकासकै लागि हो ।

मधेश प्रदेशमा मधेश विश्वविद्यालय, मधेश प्रदेश कृषि विश्वविद्यालय, रामराजा सिंह स्वास्थ्य विज्ञान प्रतिष्ठान, नर्सिङ कलेज र ईन्जिनियरिङ कलेज, सडक सञ्जाल, शिक्षामा छात्राहरूको पहुँच लगायतका प्रयासहरू यसै उद्देश्य पूर्तिको पूर्वाधारहरू पूरा भइसकेको वा हुने क्रममा रहेको उनले बताए ।

'राज्यको दोहोरो चरित्रको विरुद्धमा एउटा लडाई अपरिहार्य रहेको छ ' उनले भने, संविधान त्रुटिपूर्ण रहेकाले संविधानमा असमानताहरू रहेको र अझै पनि सङ्घीयता वास्तविक रूपमा सङ्घीयता जस्तो हुन सकेको छैन् ।

तत्कालीन मधेशी जनाधिकार फोरमको नेतृत्वमा ऐतिहासिक मधेश जनविद्रोह गरेको स्मरण गर्दै मधेशी जनाधिकार फोरमको अध्यक्षको हैसियतले मैले नेतृत्व गरेको मधेश जनविद्रोह सफलतापूर्वक अगाडि बढेको बताए । संविधानसभा भित्र र बाहिर रहेर देशको सम्पूर्ण वर्ग र समुदायले स्वामित्व ग्रहण गर्ने संविधान जारी गर्न हामी अन्तिम समयसम्म पनि सङ्घर्ष जारी राखेको बताए ।

'त्यही सङ्घर्षको उपलब्धि स्वरूप आज यतिसम्मको संविधान बन्न सक्यो । नत्र यो पनि सम्भव थिएन ।' अध्यक्ष यादवले भने, आज सङ्घीयता, गणतन्त्र, समावेशिता, मौलिक हक र सामाजिक न्याय जस्ता उपलब्धिहरू ऐतिहासिक मधेश जनविद्रोहकै देन हो ।

'प्रदेशलाई अधिकार सम्पन्न र बलियो बनाउन सकिएको छैन' उनले भने, हरेक समुदायले जनसंख्याको आधारमा प्रतिनिधित्व गर्न पाउने अधिकार सुनिश्चित भइसकेको छैन ।

'यस संविधानले विभिन्न राष्ट्रियताहरू जातीय समुदायहरूको पहिचानलाई सम्बोधन गर्न सकेको छैन ' उनले भने, बहुभाषिक नीतिलाई राम्ररी अवलम्बन गरी अभ्यासमा ल्याउन सकेको छैन । यस संविधानले अझै पनि गलत शासकीय स्वरूपलाई अङ्गालेको छ । विकृतिमूलक निर्वाचन प्रणाली अपनाएको छ । स्वतन्त्र न्यायालय भए तापनि न्यायालयसम्म सबै नागरिकको पहुँच हुने गरी संरचना बनाउन सकिएको छैन । जसले गर्दा न्याय पाउने आधारभूत अधिकारबाट आज पनि लाखौं जनता वञ्चित हुनुपरेको छ । त्यसैले संविधान संशोधन र परिवर्तनको लागि हामी अझै पनि सङ्घर्षरत छौं ।'

अध्यक्ष यादवले मुलुकमा बहुदलीय व्यवस्था आइसक्दा पनि मधेशी, आदिवासी जनजाति, दलित, थारु, मुस्लिम लगायतका सीमान्तकृत समुदायहरू या बहिष्करणमा पारिएका समुदायहरूको पहिचान, अधिकार, प्रतिनिधित्व, समावेशिता लगायतका सवालहरू सम्बोधन हुन नसकेको बताएका छन् । उनले भने-'मधेशीहरुलाई दोस्रो दर्जाको नागरिक सरह व्यवहार गरिँदै थियो । मधेशी समुदायलाई विदेशी, मदिसे, धोती, बिहारी जस्ता अपमानजनक शब्दहरू प्रयोग गरी सम्बोधन गर्ने कार्यहरू हुँदै थियो । उनीहरू अपमानित र अपहेलित जीवन बिताउन बाध्य थिए ।'

अध्यक्ष यादवले यस निर्वाचनको नतिजाले हाम्रो सङ्घर्ष यात्रालाई कुनै असर नपार्ने टिप्पणी गर्दै एक इन्च पनि तलमाथि नभईकन जनताको म्यान्डेट अनुसार हामी हाम्रो मिसनमा लागिरहने बताए । उनले विगतको समीक्षा गर्दै झन् सशक्त भएर लाग्ने बताएका छन् ।







# माछा, मासु र बिक्रीमा रोक

**टुडे समाचारदाता**

जनकपुरधाम । सप्ताहव्यापी विवाहपञ्चमीको लागि जनकपुरधाममा माछा, मासुजन्य पदार्थ र मदिरा बिक्रमा रोक लगाइएको छ ।

शनिबार जिल्ला प्रशासन कार्यालय धनुषाले सूचना जारी गर्दै तीन दिनको लागि बिक्रिमा रोक लगाइएको छ।

शनिबार रातिदेखि मंसिर १२ गते रातिसम्म निषेध गरिएको सूचनामा उल्लेख छ।

गएको विहीबार सर्व पक्षीय बैठकले गरेको निर्णय अनुसार निषेध गरिएको छ । परिक्रमा क्षेत्रमा यी नियम लागु गरिएको छ।

अन्तगृह परिक्रमा क्षेत्रभित्र मासु र मदिरा लगायतका मादक पदार्थ तथा पशुपंक्षी मारकाट र मासुको उत्पादन बिक्री वितरण ओसार पसार र सेवनमा स्थानीय प्रशासन ऐन अनुसार रोक लगाइएको छ।




# कांग्रेसका चौधरी विजयी

**टुडे समाचारदाता**

राजविराज । सप्तरीको निर्वाचन क्षेत्र नम्बर ४ बाट प्रतिनिधिसभामा नेपाली कांग्रेसका तेजुलाल चौधरी निर्वाचित भएका छन् ।

निर्वाचन अधिकृत विश्वबन्धु पौडेलका अनुसार चौधरीले २३ हजार चार सय ९१ मत प्राप्त गरी निर्वाचित भएका छन् ।

निर्वाचन अधिकृत कार्यालयका अनुसार उनका निकटतम प्रतिद्वन्द्वी जसपाका बालकिशोर यादवले १७ हजार नौ सय ७७ मत प्राप्त गरेका छन् ।

गत प्रतिनिधिसभा र संविधानसभाको निर्वाचनमा समेत चौधरी यस क्षेत्रबाट विजयी भएका थिए ।

नतिजा परिणाम अनुसार सप्तरीको प्रत्यक्षतर्फ सबै परिणाम घोषणा भएको छ ।

जसअनुसार प्रतिनिधिसभामा कांग्रेस दुई, जनमत र जसपा पार्टी एक/एक स्थानमा विजयी भएको छ । प्रदेशसभामा जनमत पार्टीले चार, नेपाली कांग्रेस, नेकपा (एमाले), नेकपा (एस) र स्वतन्त्रले एक/एक सदस्यमा जित हासिल गरेको छ ।

# प्रतिनिधिसभामा दुई कांग्रेस, एक/एक ठाउँमा जनमत र जसपा

**टुडे समाचारदाता**

राजविराज । चार निर्वाचन क्षेत्र रहेको सप्तरीबाट प्रतिनिधिसभा सदस्यमा नेपाली कांग्रेसले दुई, जनमत र जसपा पार्टीले एक/एक सिट जितेका छन ।

जिल्ला निर्वाचन कार्यालयका अनुसार सप्तरी क्षेत्र नं ४ बाट नेपाली कांग्रेसका तेजुलाल चौधरी तेस्रो पटक प्रतिनिधिसभा सदस्यमा निर्वाचित भएका छन् । उनले २३ हजार चार सय ९१ मत प्राप्त गरी तेस्रो पटक प्रतिनिधिसभा सदस्यमा विजयी भएको निर्वाचन अधिकृत विश्वबन्धु पौडेलले जानकारी दिए।

उनका निकटतम प्रतिद्वन्द्वी जनता समाजवादी पार्टीका बालकिशोर यादवले १७ हजार नौ सय ७७ मत ल्याएका छन्।

कांग्रेसका चौधरीले २०७४ सालको निर्वाचनमा यही क्षेत्रबाट निर्वाचित भएका थिए। तत्कालीन राजपाका मृगेन्द्रसिंह यादवलाई पराजित गर्दै २४ हजार एक सय १३ मत प्राप्त गरी उनी विजयी भएका थिए । यसअघि उनी २०७० सालमा संविधानसभा सदस्यमा निर्वाचित भएका थिए।

क्षेत्र नं ३ को प्रतिनिधिसभामा नेपाली कांग्रेसकै उम्मेदवार दिनेशकुमार यादव २६ हजार एक सय ६६ मत ल्याएर निर्वाचित भएका छन् । उनका निकटतम प्रतिद्वन्द्वी नेकपा (एमाले)का ताराकान्त चौधरीले २२ हजार तीन सय मत ल्याएका जिल्ला निर्वाचन कार्यालयले जनाएको छ।

सप्तरी-२ बाट जनता समाजवादी पार्टीका अध्यक्ष उपेन्द्र यादवलाई पराजित गर्दै प्रतिनिधिसभा सदस्य पदमा उम्मेदवारी दिएका जनमत पार्टीका अध्यक्ष डा सिके राउत विजयी भएका छन्।

जनमत पार्टीका अध्यक्ष राउतले ३५ हजार ४२ मत ल्याएर विजयी भएका छन् । उनका निकटतम प्रतिद्वन्द्वी जसपाका अध्यक्ष यादवले १६ हजार नौ सय ७९ मत ल्याएका छन् ।

जसपा अध्यक्ष यादवको भन्दा राउतले १८ हजार ६३ मत बढी ल्याएर विजयी भएको जिल्ला निर्वाचन कार्यालयले जनाएको छ।

त्यस्तै,जनता समाजवादी पार्टी (जसपा) नेपालका उम्मेदवार नवलकिशोर साह सप्तरी क्षेत्र नं १ बाट प्रतिनिधिसभा सदस्य पदमा निर्वाचित भएका छन् । जसपाका साहले २३ हजार पाँच सय ६४ मत ल्याई निर्वाचित भएका छन् ।

उनका निकटतम प्रतिद्वन्द्वी जनमत पार्टीका जयकान्त राउतले १९ हजार नौ सय ९२ मत प्राप्त गरे। सप्तरीमा आठवटा प्रदेशसभा सदस्य सिट रहेकोमा यसको पनि मतगणना सकिएको छ। अन्तिम मतपरिणाम अनुसार प्रदेशसभा १ को (१) मा एमालेका राजकुमार लेखी र (२) मा जनमतका सकिल मियाँ, प्रदेशसभा २ को (१) मा जनमतका सतिशकुमार सिंह र (२) मा जनमतकै महेशप्रसाद यादव निर्वाचित भएको जिल्ला निर्वाचन कार्यालयका प्रमुख रमेशकुमार जोशीले जानकारी दिए।

यस्तै प्रदेशसभा ३ को (१)मा कांग्रेसका मोहम्मद समिम र (२) मा जनमतका शम्भुकुमार साह तथा प्रदेशसभा ४ को (१) मा एकीकृत समाजवादीका गोविन्द न्यौपाने र २ मा स्वतन्त्र उम्मेदवार अनिरुद्धप्रसाद सिंह निर्वाचित भएका छन्।

सप्तरी निर्वाचन क्षेत्र नं १ मा एक लाख १३ हजर नौ सय ९५ मतदाता रहेकोमा ७४ हजार ५५३ मत खसेको थियो। सप्तरी क्षेत्र नं २ मा भने ९५ हजार तीन सय ९४ मध्ये ६४ हजार दुई ७७ मत खसेको छ र सप्तरी क्षेत्र नं ३ मा एक लाख चार हजार आठ सय ९२ मतदाता रहे पनि ७१ हजार तीन सय ३१ मत खसेको जिल्ला निर्वाचन कार्यालयको तथ्यांकमा उल्लेख छ।

यस्तै सप्तरी क्षेत्र नं ४ मा भने एक लाख चार हजार आठ सय ९३ मतदाता रहेको भए पनि यस क्षेत्रमा ६९ हजार ३९ मत खसेको थियो।

# कलशयात्रा

**टुडे समाचारदाता**

राजविराज । सप्तरीको राजविराज नगरपालिका-५ स्थित पञ्चमुखी बजरंगबली मन्दिरमा १९ वर्षपछि मूर्ति स्थापना गरिने भएको छ।

भारतबाट ल्याइएको शंखमरमरको बजरंगबलीको मूर्ति रामजानकी विवाहपञ्चमीका अवसर परेर मङ्गलबार मन्दिरमा स्थापना गरिने भएको छ।

पञ्चमुखी बजरङ्गबली मन्दिरमा प्राण प्रतिष्ठा एवम् मूर्ति स्थापनाका लागि शनिबार सयौँको संख्याले राजविराजमा कलशयात्रा निकालिएको थियो।

पञ्चमुखी बजरङ्गबली मन्दिर निर्माण एवम् प्रतिमा स्थापना समितिका अनुसार सोमबार पूजापाठ र मङ्गलबार मूर्ति प्रतिमा स्थापना गरिने छ। उक्त मूर्ति दुई दशकदेखि स्थानीय सत्यनारायण चौधरी घरमा राखिएको छ।

भारत, राजस्थानको राजधानी जयपुरबाट २०६० सालमा पञ्चमुखी हनुमानको प्रतिमा ल्याइएको थियो।

राजबिराज नगरपालिकाका तत्कालीन नगर प्रमुख जगरनाथ दासले २०५५ सालमा मन्दिर शिलान्यास गरी रु ५० हजार सहयोग गरेपछि स्थानीयको सहयोगमा मन्दिर निर्माण कार्य भएको छ।

मन्दिरको स्तरोन्नतिका लागि पूर्वमन्त्री स्व मिथिला चौधरीले रु १२ लाख सहयोग गरेको उनका छोरा अभिनव चौधरीले जानकारी दिए।

# धनुषा १ मा दीपक विजयी

**टुडे समाचारदाता**

जनकपुरधाम । धनुषा निर्वाचन क्षेत्र नम्बर १ मा जसपाका दीपक कार्की विजयी भएका छन्। उनले पाँच हजार ९ सय ४८ मतले नेकपा माओवादी केन्द्रका मातृका प्रसाद यादवलाई पराजित गरेका छन्। कार्कीले २७ हजार चार सय ३१ मत ल्याएका छन् भने मातृकाले २१ हजार चार सय ८३ मत ल्याएका छन्।

मातृका पाँच दलीय गठबन्धनको साझा उम्मेदवार थिए भने कार्की जसपा-एमाले गठबन्धनबाट जसपाका उम्मेदवार थिए।

यसअघि ०७४ मा मातृकाको निकटतम प्रतिद्वन्द्वी कार्की नै थिए । जनमत पार्टीका किशोरी साहले १४ हजार चार सय ६७ र राप्रपाका मनोज मल्लले आठ हजार दुई सय ८३ मत ल्याएका छन् ।



# गौशाला धर्मशाला सञ्चालन सम्झौता रद्द गरिने, कोष कानुनी उपचारमा जाने

काठमाण्डु।पशुपतिक्षेत्रविकास कोषसँग मारवाडी सेवा समितिले गरेको सम्झौताविपरीत पशुपति गौशाला धर्मशाला क्षेत्रमा पसल, चमेना गृह, अस्पताल सञ्चालनका लागि मापदण्ड पूरा नगरी बनेका संरचना साङ्केतिकरूपमा भत्काउन थालिएको छ।

कोषले भत्काउन लाग्दा मारवाडी समुदायले अवरोध गरेपछि आज भत्काउन भने बन्द गरिएको छ। त्यसक्रममा केहीबेर भनाभनसमेत भएको थियो । कानूनअनुसारपशुपतिनाथकोजग्गा उपयोग गरिने पशुपति क्षेत्र विकास कोषले जनाएको छ।

धर्मशाला क्षेत्रमा कोषसँग समितिले गरेको सम्झौताविपरीत दूध तथा दुग्धजन्य पदार्थ बिक्रीवितरण गर्ने गरेकाले व्यापारमा प्रयोग भएका कानूनविपरीतका संरचनासाङ्केतिकरूपमाभत्काउन थालिएको हो । विसं १९९९ साल जेठ २ गतेको पुर्जीअनुसार साँढेलाई गौचरण राखी जुनेलो घाँस लगाउन हरिनारायण रामकुमारलाई एक रोपनी आठ आना जग्गा दिइएको त्यसबेलाको पुर्जीमा उल्लेख गरिएको कोषका प्रवक्ता रेवतीरमण अधिकारीले जानकारी दिनुभयो।

गौचरण एवं जुनेलो घाँस लगाउन दिइएको जग्गा २०२१ सालको नापीमा दुई कित्ता भएको थियो। नापीका समयमा पशुपति गाउँ विकास समिति वडा नं २ (क) कित्ता नं ८३ को चार रोपनी १० आना जग्गा कायम भएको थियो। हाल नापीमा नगर ८ सिट नं १०६७-२१ कित्ता नं १५ को चार रोपनी आठ आना एक पैसा र कित्ता नं १६ को तीन रोपनी १४ आना तीन पैसा तीन दाम गरी आठ रोपनी सात आना तीन दाम जग्गामा गाईगोठ र धर्मशालाका नाममा उल्लेख भएको छ।

**पशुपतिनाथलाई फूल चढाउने बगैँचा मासेर संरचना निर्माण**

परम्परादेखि पशुपतिनाथलाई फूल चढाइने भण्डारखाल बगैँचालाई समेत प्रभावित पार्ने गरी मारवाडी सेवा समितिले संरचना बनाएपछि भत्काउन बाध्य हुनुपरेको कोषले जनाएको छ । नापीमा उल्लेख भएको भन्दा पनि बढी जग्गा हाल धर्मशाला र गौशालाका नाममा मारवाडी समुदायले उपयोग गरिरहेका छन् । कोषअन्तर्गत श्री पशुपतिनाथ अमालकोट कचहरीका नाममा कायम रहेको र मारवाडी सेवा समितिका नाममा उक्त जग्गाको मोही दर्ता रहेको भन्ने भ्रमपूर्ण प्रचार भइरहेको कोषका प्रवक्ता अधिकारीले बताउनुभयो।

सो जग्गाका विषयमा कोष सञ्चालक परिषद्को २०६० जेठ ९ गतेको निर्णयअनुसार पशुपति गौशाला धर्मशाला सञ्चालनका लागि त्यसै वर्ष जेठ १२ गते सम्झौता भएको थियो। समितिले त्यसविपरीत संरचना निर्माण गरेको भन्दै कोषले त्यस्ता संरचना भत्काउन कात्तिक ४ गते सार्वजनिक सूचना जारी गरेको थियो । तोकिएको ३५ दिनभित्र कानूनविपरीत निर्माण भएका संरचना नहटाएपछि कोषले आज डोजर प्रयोग गरेर साङ्केतिकरूपमा संरचना भत्काउन सुरु गरेको हो।

**गौशाला धर्मशालामा सम्झौताविपरीत भएका काम**

सम्झौताको बुँदा नं ४ मा गौशाला धर्मशाला सञ्चालन गर्दा प्रचलित नियम तथा स्वीकृत मापदण्डविपरीत हुने कुनै काम दोस्रो पक्षले गर्ने छैन भनी उल्लेख गरिएको छ । साविक बनेको धर्मशालाको संरचनामा तला थप गर्न स्वीकृत माग भएकामा कारबाही हुँदै जाँदा पुरातत्व समेतबाट सहमति लिइ संरचना बनाउनुपर्नेमा समितिले आफूखुसी काम गरेको कोषले जनाएको छ।

समितिले कोषको मापदण्डविपरीत १८०९६ वर्गफिटको नक्साबमोजिमको संरचना गरेको छ। संरचनाको उचाइ ३२.३ छ। विश्वसम्पदा सूचीमा सूचिकृत पशुपति क्षेत्रमा संरचना निर्माण गर्दा प्राचीन स्मारक संरक्षण ऐन २०१३ को पालना गर्नुपर्नेमा समितिले बेवास्ता गरेको छ। यो काम कोष ऐन, २०४४ को दफा १७ (३) (५) को विपरीतसमेत रहेको छ।

विसं २०६० मा भएको सम्झौताको बुँदा नं ५ मा समितिले कोषलाई प्रत्येक आर्थिक वर्षमा रु ५१ हजार सहयोग रकम उपलब्ध गराउँदै जाने उल्लेख गरिएको छ। दुवै पक्षको सहमतिमा सो रकममा संशोधन गरिने पनि सम्झौतामा उल्लेख छ । संशोधनका लागि समितिलाई छलफलमा बोलाउँदा नआएको कोषका कार्यकारी निर्देशक डा घनश्याम खतिवडाले बताउनुभयो। २० वर्षसम्म सो रकम संशोधन नगरिएकामा महालेखापरीक्षकको कार्यालयले पनि संशोधनको सुझाव दिँदै आएको छ। १५ वर्षअघि नै संसद्को सार्वजनिक लेखा समितिले छ महिनाभित्र गौशाला धर्मशाला कोष आफैँले सञ्चालन गर्न दिएको निर्देशन पनि पालना भएको छैन।

पशुपतिनाथमा पर्व पर्वमा छोडिएका साँढेलाई परम्पराअनुसार संरक्षण गर्न समितिले सहयोग गर्नुपर्नेमा त्यसो नगरेको कोषको भनाइ छ। विसं २०६० को सम्झौताको बुँदा नं. ६ मा प्रत्येक महिनाको पूर्णिमाका दिनमा डामेर छाडिएका साँढेलाई समितिले संरक्षण गरेर गौशालामा राख्नुपर्नेमा त्यसो नगरेको पनि प्रवक्ता अधिकारीले बताउनुभयो।रासस

# एक सय २५ क्षेत्रको मतपरिणाम सार्वजनिक

काठमाण्डु । यही मङ्सिर ४ गते सम्पन्न प्रतिनिधिसभा तथा प्रदेशसभा सदस्य निर्वाचनअन्तर्गत हालसम्म एक सय २५ क्षेत्रको मतपरिणाम आइसकेको छ।

निर्वाचन आयोगको सूचना प्रणालीमा प्रविष्ट भएको विवरणानुसार प्रतिनिधिसभातर्फ पहिलो हुने निर्वाचित हुने प्रणालीतर्फ ती क्षेत्रको मतपरिणाम सार्वजनिक भइसकेको छ भने चार क्षेत्रबाहेक अन्य क्षेत्रमा मतगणना भइरहेको छ। समानुपातिक प्रणालीको मतगणना पनि एकैसाथ भइरहेको छ।

दोलखा, स्याङ्जा-२ र बाजुरामा मतगणना सुरू हुन बाँकी रहेको छ। दोलखा र स्याङ्जामा सत्तापक्ष र प्रतिपक्षबीच विवादका कारण मतपेटिका सङ्कलन भइसके पनि गणना सुरू हुनसकेको छैन । त्यहाँका विवाद भएका मतदानस्थलमा पुनः मतदान गराउने या मतगणना सुरू गर्ने भन्ने विषयमा आयोगले निर्णय गर्न बाँकी रहेको छ।

बाजुराको बूढीनन्दा नगरपालिका-५ स्थित नन्देश्वरी मावि, पिपलचौर मतदान केन्द्रमा आज मतदान सम्पन्न भएको छ।रासस

# महोत्तरी-४ मा कांग्रेसका राय विजयी

**टुडे समाचारदाता**

जलेश्वर। महोत्तरी क्षेत्र नं ४ को प्रतिनिधिसभा सदस्यमा नेपाली कांग्रेसका महेन्द्रकुमार राय विजयी भएका छन्।

रायले जनता समाजवादी पार्टीका डा. सुरेन्द्रकुमार यादवलाई चार हजार बढी मतले पछि पार्दै उनी विजयी भएका छन्। रायले २५ हजार ४२० मत प्राप्त गरेका छन् । पराजित यादवले २१ हजार २९६ मत ल्याएका छन्।

राय र यादवबीचको मतान्तर ४ हजार १ सय २४ मत छ । जनमतका मनोजकुमार साहले दश हजार ३९ मत प्राप्त गरेका छन्।



# समानुपातिकतर्फ ७६ लाख मत गनियो

काठमाण्डु । निर्वाचन आयोगले समानुपातिकतर्फ हालसम्म कूल ७६ लाख १२ हजार छ सय ९८ मतगणना गरेको छ । आयोगले साँझ ५ बजेर ४० मिनेटसम्म उपलब्ध गराएको विवरणअनुसार कूल ४७ राजनीतिक दलले प्राप्त गरेको मत गणना गरेको हो।

समानुपातिक निर्वाचन प्रणालीमार्फत कूल एक सय १० प्रतिनिधिसभा सदस्य चुनिने संवैधानिक व्यवस्था छ। त्यसमा सबैभन्दा बढी नेकपा(एमाले)ले २० लाख ८९ हजार ७२ मत प्राप्त गरेको छ। दोस्रोमा रहेको नेपाली कांग्रेसले २० लाख १६ हजार छ सय २५ मत प्राप्त गरेको छ। तेस्रोमा रहेको नेकपा (माओवादी केन्द्र) ले आठ लाख ९१ हजार आठ सय आठ मत प्राप्त गर्दा राष्ट्रिय स्वतन्त्र पार्टीले आठ लाख ५४ हजार आठ सय ७१ मत प्राप्त गरेको छ।

राष्ट्रिय प्रजातन्त्र पार्टीले चार लाख ५८ हजार चार सय ५९ मत, जनता समाजवादी पार्टीले दुई लाख ४८ हजार नौ सय ६८ मत, नेकपा (एकीकृत समाजवादी) ले एक लाख ९३ हजार नौ सय ६४ मत, जनमत पार्टीले एक लाख ७८ हजार दुई सय ३२ मत, नागरिक उन्मुक्ति पार्टीले एक लाख ७५ हजार आठ सय ५९ मत, लोकतान्त्रिक समाजवादी पार्टीले एक लाख चार हजार तीन सय ४९ मत, नेपाल मजदुर किसान पार्टीले ६८ हजार तीन सय आठ मत प्राप्त गरेका छन्।

अन्तिम स्थानमा रहेको नेश्नलिष्ट पिपल्स पार्टीले एक हजार एक सय ५९ मत प्राप्त गरेका छन्।

यही मङ्सिर चार गते सम्पन्न प्रतिनिधिसभाको निर्वाचनमा कूल ६१ प्रतिशत मतदान भएको थियो। सो निर्वाचनमा एक करोड ७९ लाख ८८ हजार पाँच सय ७० मतदातालाई मताधिकार थियो।

निर्वाचनमा प्रतिनिधिसभातर्फ पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणालीका लागि दुई हजार चार सय १२ उम्मेदवार चुनावी प्रतिस्पर्धामा थिए । यसैगरी प्रतिनिधिसभाको समानुपातिक निर्वाचन प्रणालीतर्फ दुई हजार एक सय ९९ उम्मेदवारको नाम अन्तिम बन्दसूचीमा कायम गरिएको छ।रासस

**घर भाडामा**

जनकपुरधामको बस पार्कसँगै रहेको होटेल सीताशरणको पछाडीको पूर्व मोहडा भएको डेढ कठ्ठामा बनेको अत्याधुनिक व्यवसायिक तथा आवासिय चार तले घर भाडामा लिन चाहनु हुनेले सम्पर्क गर्नु होला।

**सम्पर्क**
मो.नं.९८२३७६७३४०

## तपाईंको आज
पण्डित : ब्रम जी

| | |
|---|---|
| मेष | : पारिवाहिक सुख। |
| बृष | : बौद्धिक क्षमता। |
| मिथून | : नयाँ कार्य हुने। |
| कर्कट | : प्रेम प्रसंग, मित्र सुख। |
| सिंह | : भ्रमण अवसर हुने। |
| कन्या | : धन बृद्धि सञ्चय। |
| तुला | : शिक्षामा उन्नति। |
| बृश्चिक | : वाद विवादबाट बच्नु। |
| धनु | : प्रतिभा सम्पन्नता। |
| मकर | : सुख समृद्धि हुने। |
| कुम्भ | : पुरस्कार प्राप्त लाभ। |
| मीन | : अवसर प्राप्त। |

राशिफलले जस्तो दिनको संकेत गरेपनि कर्म गर्दा फल राम्रै पाइन्छ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरू

जनकपुरधाम ०४१

| | |
|---|---|
| बारुण यन्त्र | ५२००११ |
| प्रहरी (हण्टीङ्गलाईन) | ४२००९९, ४२०२९९, १०० |
| एम्बुलेन्स (रेडक्रस) | १०२ |
| एम्बुलेन्स (मेडिकल कलेज) | ५२६०९०, ५२६०९१ |
| एम्बुलेन्स (हिमालय युवा क्लब) | ९८०४८१५१२६ |
| अञ्चल अस्पताल | ५२००३३ |
| जनकपुर सिटी हस्पिटल भानुचोक | ५२५०१, ५२५८९९ |
| नेपाल शिक्षक संघ (एम्बुलेन्स) | ९८०१६४४४५५, ९८५४०२८२९६ |
| जानकी हेल्थकेयर सेन्टर रामानन्द चोक | ५२५३४१ |
| रक्तसंचार (रेडक्रस) | ५२०८७० |
| ॐ शक्ति अध्ययन अनुसन्धान केन्द्र (एम्बुलेन्स) | ९८५४०२७४३४ |
| कृष्णा नर्सिङ्गहोम | ५२१९१८ |
| विरेन्द्र डेन्टल हेल्थ केयर | ५२८४३७ |
| आँखा अस्पताल | ५२०३९७ |
| रेडियो टुडे (९१ मेगाहर्ज) | ९८०१६२६०२६ |
| एयर पोर्ट | ५९००५८, ५९००५२ |
| विद्युत फ्युज शाखा | ५९०८३४, ५९०८३५ |
| साह केबुल | ५२४७२२ |
| जानकी केबुल | ५२३७२८ |
| म्याक्स टीभी | ०४१-५९०८९७, ९८०१६६८६५२ |
| नगर सेफ्टी टैंक सफाई सेवा | ५२१२६२ |
| मुजेलिया प्रहरी चौकी | ५२०७५० |
| सशस्त्र प्रहरी मुजेलिया | ५२७२१३, ५२७८०० |
| बुद्ध एयर | ५२५०२२ |
| यति एयरलायन्स, शिवचोक | ५९०३०१/५९०३०२ |
| होटल मानकी | ९८१५८९३५३४, ९८१५८९३३४३ |
| होटल रामा | ५२००५९, ५२३८५४ |
| वेलकम होटल | ९८०१६२००६५, ९८०१६२००६४ |
| जलेश्वर अस्पताल | ०४४-५२००७० |
| प्रहरी (जलेश्वर) | ०४४-५२०००९ |
| एम्बुलेन्स (जलेश्वर) | ०४४-५२०१०० |
| विद्युत (जलेश्वर) | ०४४-५२००६६, ५२०१६६ |
| बारुण यन्त्र (जलेश्वर) | ०४४-५२००९७ |

## रत्न सागर मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ५:०० बजे |
| बिहान पूजा आरती | : ८:०० बजे |
| भोगराज लाग्ने सयम | : ११:३० बजे |
| निशुल्क अन्न क्षेत्र (दिउँसो) | : १२:०० बजे |
| मन्दिर बन्द हुने समय | : १२:०० बजे |
| खुल्ने समय (दिउँसो) | : ४००: बजे |
| रात्री आरती पूजा हुने समय | : ९:३० बजे |
| रात्री मन्दिर बन्द हुने सयम | : १०:०० बजे |

## जानकी मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| बिहान पूजा आरती | : ०७:०० बजे |
| बिहान ढोका बन्द | : १२:०० बजे |
| अन्न क्षेत्र | : निःशुल्क भोजन |
| दिउँसो ढोका खुल्ने समय | : ०४:०० बजे |
| सन्ध्या पूजा आरती:साँझ | : ०७:३० बजे |

## राम मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| मंगल आरती | : ०७:३० बजे |
| महाप्रसाद भोग | : १२:०० बजे |
| दिउँसो ढोका खुल्ने समय | : ०३:३० बजे |
| सन्ध्या पूजा आरती साँझ | : ०७:०० बजे |
| रात्रि भोग | : ०९:०० बजे |
| पट बन्द | : ०९:१५ बजे |

विवाहपञ्चमीको साताव्यापी कार्यक्रम अर्न्तगत शनिवार तिलकोत्सव मनाउँदै गरेको दृष्य । साथै जानकी मन्दिरमा श्रद्धालुभक्तजनको अवस्था । तस्विर : टुडे






















अन्यत्र गरेको पापबाट जनकपुरधाममा मुक्ति पाउन सकिन्छ। जनकपुरधाममा गरेको पापबाट मुक्ति पाउने स्थान अन्यत्र छैन ॥

## सम्पादकीय

# स्थिर शासन आवश्यक

नेपालमा हालै सम्पन्न निर्वाचनको परिणाम आउने क्रम जारी छ। केही दिन भित्रै सबै परिणाम सार्वजनिक हुनेछ। सार्वजनिक भएको चुनाव परिणाम अनुसार देशमा कुनै एउटा दलले मात्र सरकार बनाउने अवस्था देखिदैन्। हुनत दलहरुले गठबन्धन बनाएर नै चुनावमा गएका थिए। गठबन्धन बनाउदा कुनै एउटा दलले बहुमत प्राप्तगर्ने अवस्था भएन्। चुनावको परिणाम सार्वजनिक भएपछि गठबन्धनका दलहरुमा अविश्वास बढेको छ। खासगरी नेपाली कांग्रेसले गठबन्धनको मर्म र भावना विपरीत मतदान गरेको आरोप लागेको छ। गठबन्धनमा रहेका दलहरुले एकअर्कालाई इमान्दारीपूर्वक सहयोग नगरेको कारण कतिपय उम्मेदवार हारेका छन्। पराजित भएका उम्मेदवार हरुले सोझै गठबन्धनका नेताहरुमाथि असहयोग गरेको आरोप लगाएका छन्। सत्तासीन गठबन्धन र विपक्षको गठबन्धन दुबैमा एकै प्रकारको समस्या देखिएको छ। गठबन्धनको पर्याप्त मत रहे पनि नेताहरु बिक्री भएकाले उम्मेदवारलाई अत्यन्त कम मत प्राप्त भएको देखिन्छ। सत्तामा रहेका कांग्रेस, माओवादी केन्द्र, नेकपा एस र लोकतान्त्रिक समाजवादी पार्टी (लोसपा) ले प्राप्त गरेको सिटबाट नयाँ सरकार पनि बनाउन सक्ने संभावना छ। तर सरकारको नेतृत्व कुन दलले गर्ने विषयमा मतभेद हुन सक्ने बलियो संभावना छ। ठूला दलको हैसियतले कांग्रेसको स्वाभाविक दाबी भए पनि माओवादीले पनि प्रधानमन्त्री छाड्ने पक्षमा छैन्। माओवादीका अध्यक्ष प्रचण्डले एक पटक सरकारको नेतृत व गर्ने चाहना रहेको चुनाव प्रचारको क्रममा पटक-पटक दोहर्‍याए। प्रधानमन्त्रीमा नेकपा एसका अध्यक्ष माधवकुमार नेपालको पनि रुची छ। हालको सत्तारुढ दलहरुबीच सरकारका लागि गठबन्धनको निरन्तरता दिनु भन्दा कांग्रेस र एमालेबीच गठबन्धन भएर सरकार बनाइए सहज हुन सक्छ। देशलाई स्थिर र स्वच्छ सरकार चाहिएको छ। प्रष्ट दृष्टिकोण र देश निर्माणको मार्गचित्र कोर्न सक्ने सक्षम युवालाई सरकार नेतृत्वको अवसर दिनु पनि आवश्यक छ। हाल रहेका पुराना दलका अध्यक्ष /सभापतिहरु उमेरले अभिभावकत्वको भूमिका निर्वाह गर्ने अवस्थामा पुगिसकेका छन्। उनीहरुलाई सक्रिय राजनीतिमा राखिए पनि नेतृत्व गर्ने अवसर दिनु हुँदैन्। सम्पन्न निर्वाचनले युवाहरुलाई नेतृत्वको अवसर दिन जनमतले मार्ग देखाएको छ। सरकारको नेतृत्व जुन दलले गरे पनि नेतृत्व अनुभवी र आधुनिक सोच भएका देश निर्माणको भिजन भएका युवा नेताहरुलाई दिनु पर्छ। नेतृत्वको पुस्तान्तरण जरुरी छ। नेपालमा राजनीतिक स्थिरता नभएकै कारण अपेक्षित विकास हुन सकेको छैन्। नेपाल भन्दा पछि जापानमा गुडेको रेल अहिले 'बुलेट' मा पुगिसकेको छ। तर हाम्रो देशमा भारतले फेरि बनाइदिएको लिकमा ३५ किलोमिटर सम्म गुड्न थालेको छ। नेपालको विकासका लागि अठोट भएका स्वच्छ छवि भएका युवाले सरकारको नेतृत्व गरे देशमा स्थिर सरकार गठन हुन सक्छ।

# मधेशको राजनीति: उपेन्द्रको पराजय



प्रभाषचन्द्र झा
विराटनगर

यसपल्टको निर्वाचनको परिणामले सवैभन्दा बढी माओवादी केन्द्र र जनता समाजवादी पार्टीलाई झस्काएको छ। मधेशका 'मसिहा'को रुपमा सम्मान पाएका सप्तरी-२बाट उपेन्द्र यादव पराजित हुनु भएको छ। मधेश र मधेशी समुदायको लागि पटक पटक आन्दोलन हाँक्ने व्यक्ति, सोही समुदायको बर्चस्व रहेको निर्वाचन क्षेत्रबाट पराजित हुने विषयलाई गहिरो ढङ्गले विश्लेषण गर्नुपर्छ। राजनीतिमा लामो अनुभव र पन्द्रह बर्षदेखि अनवरत रुपमा पार्टीको अध्यक्ष पदमा आसिन व्यक्ति अप्रत्यासित रुपमा भारी मतले पराजित भएपछि विभिन्न किसिमका प्रश्न उठ्नु स्वभाविक हो।

यो पराजयको मुख्य कारण खोतल्नुभन्दा पहिले विगतका पृष्ठभूमिलाई समेत स्मरण गर्नुपर्छ। माओवादी जनयुद्ध लडेर अन्ततः राष्ट्रको मूलधारमा समाहित भएको हो। अन्तरिम संविधानमा सङ्घीयता नसमेटिएको भनेर मधेशी जनअधिकार फोरम नामक मञ्चमार्फत उपेन्द्र यादवहरु सो संविधानको प्रतिलिपि जलाएपछि पक्राउमा पर्नुभएको थियो। लहानमा रमेश महतोको मृत्युपछि पहिलो मधेश आन्दोलन भएको थियो। उक्त आन्दोलनले उपेन्द्रको उचाई ह्वात्तै बढायो। उपेन्द्र यादवको नेतृत्वमा तीनपटक मधेश आन्दोलन भएको छ। २०६४ सालको निर्वाचनमा उपेन्द्र यादव नेतृत्वको मधेशी जनअधिकार फोरमले मधेशमा र माओवादीले राष्ट्रव्यापि रुपमा अपार जनसमर्थनका साथ जितेको थियो। माओवादी केन्द्रले एक्लै प्रत्यक्षतर्फको पचास प्रतिशत सिटमा जित हात पारेको थियो।

माओवादीका अध्यक्ष प्रचण्डको नेतृत्वमा मधेशी जनअधिकार फोरम सरकारमा सहभागी भएका थिए। माओवादीमा जनयुद्ध धङधङीको प्रभावले गर्दा प्रधान सेनापति रुक्माङ्गद् कटुवाललाई नै हटाउने निर्णय गर्‍यो। कटुवाल त हटेन, प्रचण्डले आफैं राजीनामा गरेर बाहिरिए। त्यसपछि, नयाँ सरकारको गठनको विषयमा विवाद हुँदा अन्ततः फोरम फुट्यो। त्यसपछि, फुट्ने र जुट्ने क्रम चल्दै रह्यो। पहिलो संविधानसभाबाट संविधान निर्माण हुन सकेन्। संविधान निर्माणको प्राथमिकताभन्दा मन्त्री बन्नका लागि तछाडमछाड देखेर मधेशी जनतामा वितृष्णा उत्पन्न भयो। सो कारणले २०७० सालको दोश्रो निर्वाचनमा उपेन्द्रको र माओवादीको पार्टीलाई नराम्ररी पराजयको पीडा भोग्नु पर्‍यो। २०७२ सालमा संविधान निर्माणको प्रक्रिया शुरु हुनासाथ मधेशकेन्द्रीत दलहरु संसदमा आफ्नो पक्ष राख्नुभन्दा सडक सङ्घर्ष रोज्यो। संसद्मा कडा विरोध गर्नुपर्ने थियो। तर, आन्दोलन गर्दा मधेशमा दर्जनौं व्यक्तिको मृत्यु भयो भने एकसयभन्दा बढी घाइते भएका थिए। आन्दोलनको क्रममा केपि ओलीको कटाक्षको मधेशमा व्यापक विरोध भयो। उहाँको अर्नगल कुराले गर्दा मधेशी समुदाय झन आक्रोसित भएका थिए। मुलुकमा संविधान जारीपछि उपेन्द्र यादवहरुले केपि ओलीलाई मधेश निःषेधको घोषणा गरे।

त्यसको जवाफमा सप्तरीको मलेठमा केपि ओलीको उपस्थितिमा एमालेको आमसभा भयो। सो आमसभाको क्रममा गोली चल्दा अनाहकमा पाँच जनाको मृत्यु भयो। मोरङको रङ्गेलीमा एमालेको कार्यक्रम हुँदा प्रहरीको गोली लागेर तीन जनाको मृत्यु भयो। मधेशमा अहिलेपनि केपि ओलीप्रति मधेशी समुदायमा नकारात्मक सोचाइ छ। यो कुरा उपेन्द्रले सम्झेर पनि बलमिच्याँइ गरी चुनावी तालमेल गर्नुभयो।

२०७२मा जारी संविधानमा मधेशीको हक अधिकारलाई समेटिएको थिएन् भने चुनाव बहिष्कार गर्ने आँट देखाउनुपर्ने थियो। विरोधपनि गर्ने र सोही संविधानमार्फत निर्वाचनमा सहभागी हुने दोधारे नीति अपनाएर मधेशकेन्द्रीत दलहरुले स्थानीयतहका साथै २०७४को केन्द्र र प्रदेशको निर्वाचनमा सहभागी भए। उहाँहरुले संविधानको पुनर्रलेखन गराउने वाचासहित चुनावमा सहभागी भए। ओलीको कट्टर आलोचक राजेन्द्र महतोले जनकपुरबाट चुनाव जित्नका लागि एमालेको अप्रत्यक्ष सहयोग लिएको थियो। यो कुरा उहाँले घुमाउरो ढङ्गले सञ्चारकर्मीसमक्ष स्वीकार गर्नुभएको हो। जेभएपनि, मधेशमा मधेशकेन्द्रीत दलले संसदीय र प्रदेशसभाको निर्वाचनमा राम्रै सफलताप्राप्त गर्‍यो। उक्त निर्वाचनमा बाम गठबन्धनले झण्डै दुई तिहाई सिट जितेको थियो। ओलीलाई सरकार बनाउनका लागि मधेशकेन्द्रीत दलको आवश्यकता थिएन्। उपेन्द्रजीलाई प्रतिपक्षमा बसेर संविधान संशोधनका लागि दवाव बनाउनुपर्ने थियो। संविधान निर्माणको क्रममा मधेश आन्दोलनको दमन र मलेठ एवम् रङ्गेली घटनाको दोषिमाथि कारवाही, पीडितलाई राहत र आन्दोलनको क्रममा चलाइएका मुद्धा फिर्ताका लागि संसद्मा जोडदार आवाज उठाउनुपर्ने थियो।

जुन ओलीलाई सत्तोसराप गर्नु हुन्थ्यो। अन्ततःसोही ओलीको नेतृत्वमा मन्त्री बन्नका लागि प्रचण्डमार्फत प्रयास गर्नुभयो। प्रचण्डले नै यो कुरा सार्वजनिक गरेको थियो। उपेन्द्रजी मन्त्री त बन्नुभयो। उपेन्द्रलाई मन्त्री बनाउनु एक किसिमले ओलीको सवैभन्दा ठूलो जित थियो। जसले मलाई (केपी) सत्तोसराप गर्दथ्यो, पुतला जलाउथ्यो र मधेशमा निःषेधको घोषणा गरेको थियो। त्यस व्यक्तिलाई आफ्नो मन्त्रिमण्डलमा ठाउँ दिएको छुँ। मभन्दा बढी उदारवादी नेता कोही छ र! जस्तो सन्देश ओलीले दिएकै रुपमा सम्झनु पर्छ।

एक बर्षपछि उपेन्द्र यादव मन्त्री पद छोड्नु भयो। ओलीको विरोधमा खुलेर उत्रनु भयो। ओलीले पार्टी फोड्नका अध्यादेशमार्फत विधेयक ल्याएको थियो। सो समयमा उपेन्द्रको पार्टीमा आन्तरिक कलह छताछुल्ल भइसकेको थियो। पार्टी विभाजनलाई रोक्नका लागि रातारात उपेन्द्र यादवले महन्थ ठाकुरसँग छलफल गरी जनता समाजवादी पार्टीको गठन गर्‍यो। पार्टी एक भएपनि मन मिल्न सकेन्। सोही ओलीलाई हटाउन र बचाउनका लागि जसपा विभाजित भयो। महन्थ ठाकुरहरु ओलीलाई समर्थन गर्ने निर्णय गरेपछि आठ जना मन्त्री बन्न शौभाग्य पाएका थिए। सो घटनापछि उपेन्द्र यादव झन आक्रोसित हुँदै ओलीलाई प्रतिगमणकारीको संज्ञा दिएको थियो। ओली हटेपछि सत्ता गठबन्धनमार्फत जसपा सरकारमा सहभागी भए। निर्वाचनमा गठबन्धनमा सिटको विषयमा कुरा नमिलेको भनेर उहाँ ओलीसँग चुनावी तालमेल गर्नुभयो।

यस्तो किन ? २००७ सालको क्रान्तिको समयदेखि नै गजेन्द्रनारायण सिँह काँग्रेसी थियो। मुलुकमा पञ्चायती व्यवस्था लादिएपछि सप्तरी काँग्रेसभित्रको किँचलोको कारण पार्टी छोडेर छुट्टै पार्टी गठन गर्‍यो। तर, उहाँको ह्रिदयको एक प्रतिशत भएपनि काँग्रेसको ठाउँ थियो। बामपन्थी पृष्ठभूमिबाट उपेन्द्र यादव र ह्रिदेश त्रिपाठीको मातृ पार्टी कम्युनिष्ट नै हो। त्रिपाठीजी अन्तोगत्वा, एमालेको उम्मेद्वारको रुपमा सांसद् बने। उपेन्द्रजी एमालेबाट २०४८ सालमा चुनाव लडेको थियो। एमाले परित्याग गरी माओवादी केन्द्रमा पुग्यो। त्यो पार्टी छोडेर आफ्नै नेतृत्वमा पार्टीको स्थापना गर्नुभयो। तर, उहाँभित्र कतै न कतै एमाले छ। तसर्थ, पटक पटक ठक्कर खाएपनि सोही पार्टी नजिक पुग्नु हुन्छ। २०७९को निर्वाचनमा उपेन्द्र र ह्रिदेशबाहेक प्रायः मुख्य दलका अध्यक्षहरु निर्वाचित भएका छन्। सप्तरी-२बाट उहाँलाई जित्नका लागि फलामे च्यूँरा चपाउने सरह हुन्छ भनेर आकलन गरिएको थियो। सुनिन्छ, अन्तिम समयमा उहाँ सोही क्षेत्रबाट चुनाव लड्ने निर्णय लिनु भयो। यो घातक निर्णय सुझाउने को को हुन् ? चितवनको हावाको अनुभव गरेर प्रचण्ड गोरखा पुगे। क्षेत्र परिवर्तनको विषयलाई प्रतिष्ठाको विषय बनाउनु थिएन्। डा. राउतलाई मधेशमा आफ्नो बर्चस्व कायम गर्नु छ। उनको निर्णय आफ्नो ठाउँमा सहि थियो। त्यो प्रमाणित पनि भयो।

मधेशी समुदायको गढ मानिएका सो क्षेत्रबाट उपेन्द्र यादवको पराजयले के सन्देश दिएको छ भने जनता भावनात्मक रुपमा एकपटक सहयोग गर्छन्। पटक पटक सहयोगका लागि जनताको भावनालाई सम्झनु पर्दछ। नत्र, दूधमा खसेको झिँगालाई जसरी औंलाले फालिन्छ, त्यसरी नेतालाई फाल्नमा जनताले बेर लगाउँदैन। यो उपेन्द्र यादवमा मात्रै लागू हुँदैन्। यो लोकोक्ति सवै निर्वाचित प्रतिनिधिमा लागू हुन्छ।

मधेशमा 'हर्न'को आवाज र देशमा 'घण्टी'को मीठो ध्वनीले राजनीतिक वातावरणलाई तरङ्गित बनाएको छ। निर्वाचन जित हात पारेपछि उहाँहरु जनमानसमा चर्चा परिचर्चाको केन्द्रविन्दुमा रहेको देखिन्छ। मधेश र मधेशी समुदाय कसैको विरासत नरहेको भनेर मधेशकेन्द्रीत दललाई मधेश जनताले मतदानमार्फत सचेत गराएको र ठूला दलहरुका लागि रबि लामिछानेले खतराको घण्टी बजाएको रुपमा व्याख्या हुन थालेका छन्। अव, पनि मुख्य दलहरु नसच्चिए भने आउँदो निर्वाचनमा रबिको घण्टी मुख्य दलका लागि खतराको घण्टीमा परिणत हुनेछ।

**उपेन्द्रको पराजयको मुख्य कारण**

सप्तरी-२बाट उपेन्द्र यादवलाई भारी पराजयको सामना गर्नु पर्‍यो। डा. सिके राउतको विद्वता र आफू जमीनसँग जोडिएका व्यक्तिको रुपमा जनतासमक्ष प्रस्तुत गर्न सफल भएकाले उहाँको पक्षमा जनलहर नै देखिए। यसपल्टको निर्वाचनमा अधिकांस मतदाताले जातपात, धर्म, समुदाय र सिद्धान्तबाट माथि उठेर मतदान गरेका छन्। लोकतन्त्रको लागि यसलाई शुभ सङ्केतको रुपमा लिनुपर्छ। जनताले मतदानमार्फत परिवर्तन गर्नतर्फ बढी झुकाव राखेको स्पष्ट हुन्छ।

उपेन्द्र यादवले केपि ओलीसँग गरेका चुनावी तालमेललाई नै मधेश प्रदेशमा पराजयको मुख्य कारणको रुपमा विश्लेषण हुन थालेको छ। केपि ओलीले यादवलाई सत्ता गठबन्धनबाट अलग पार्नमा सफल भए। सत्ता गठबन्धनबाट पूर्णरुपले सम्बन्धविच्छेद गरेर जसपाले एमालेसँग तालमेल गर्‍यो। तर, मधेश प्रदेशमा आफ्नो अनुकुल क्षेत्रमा केपिले एउटा पनि सिट छोडेनन्। जसपालाई 'यता न उता'को अवस्थामा राख्नमा केपि ओली रणनीति सफल भएको देखिन्छ। मधेशमा काँग्रेस वलियो भयो भने जसपा कमजोर हुने उपेन्द्रको पुरानो सोच नै घातक भयो। राजनीतिज्ञलाई दूरगामी सोच र जनताको झुकाव सम्झने क्षमता राख्नुपर्छ। डा. राउतले सटिक रणनीति अपनाएको थियो। सामाजिक सञ्जालको व्यापक प्रयोग गरेको थियो। मधेशी समुदायको विपन्न वर्गको मन छुने खालका गीतका साथै समस्याहरु उजागर गरेको थियो। अर्कोतर्फ, मधेशी महिलाको घरआँगनमा बसेर उनीहरुसँग गफगाफ गरेर आकर्षित पार्न प्रयासरत रह्यो। उपेन्द्र यादवले सत्ताको राजनीति गरेको र मधेशको अधिकारको लागि आवाज उठाउनमा असफल रहेको भनेर डा. राउतले जनमानसलाई सम्झाउनमा सफल रह्यो। उपेन्द्र यादव चुनाव जितेर कतिपटक गाउमा आएर तपाइहरुसँग भलाकुसारी गरेको भनेर डा. राउतहरु सोध्ने गर्दथ्यो।

यो कुरा त सत्य हो कि उपेन्द्र यादव कार्यकर्ता बीच मैं घेरिने र आफ्ना क्षेत्रका सर्वसाधारण जनतासँग घुलमिल गर्नमा कमी गर्नु हुन्छ। सोही कारणले उहाँले प्रत्येकपटक निर्वाचन क्षेत्र परिवर्तन गर्नु हुन्छ। नगर्दा, मोरङ र यसपल्टमा सप्तरीबाट दोहराएर जित्नु भएन्।

उपेन्द्र यादवका कार्यकर्ताहरुले तामझाम बढी देखाउने र उपेन्द्र यादवलाई वास्तविकताबाट टाढा राख्ने गरेको चर्चा छ। जसपाका कार्यकर्ताहरु अन्य जिल्लाका पनि अनावश्यक रुपमा प्रचारप्रसारमा जुट्यो। गफगाफमा पनि जोशिलो कुरा गर्दा कतिपयले जातीय उन्मादको रुपमा व्याख्या पनि गर्न थालेका थिए। निर्वाचन हुनुभन्दा दुई दिनअघि, छिनमस्ताको हाटी गाउँमा जसपाका कार्यकर्ताहरुले एक महिलासहित दुई तीन जनालाई कुटपिट गरेको राष्ट्रियस्तरमैं चर्चाको विषय बन्यो। सो क्षेत्रका अधिकांस मतदाताहरु उपेन्द्र यादवलाई मत नदिने निर्णयमा पुग्यो। त्यो कुटपिटले धैरै क्षति गरेको निर्वाचनको परिणामबाट पुष्टि हुन्छ।

अर्कोतर्फ मधेश प्रदेशमा जसपाको नेतृत्वमा पाँच बर्ष प्रदेश सरकारको शासन रह्यो। लालबावु राउतले लोकप्रिय कार्यक्रमको माध्यमबाट जनताको मन जित्ने प्रयास गरेको थियो। त्यो लोकप्रिय कार्यक्रमभित्र कमिशनको खेलले जनतामा नकारात्मक प्रभाव बन्यो। प्रदेश सरकारले 'खेत खेतमा सिँचाइ र हात हातमा रोजगारको नारा' नारामैं सीमित रह्यो। वास्तवमा, सो क्षेत्र धेरै पिछडिएको अवस्थामा छ। जनता समाजवादी पार्टी आन्तरिक कलहको पनि प्रभाव परेको हुनुपर्छ।

फुटको सङ्घारमा पुगेका सो दलका केही नेताहरुले भित्रभित्रै कतै षडयन्त्र त गरेन् भनेर आन्तरिक समीक्षा पनि गर्नुपर्छ। जसपाले जितका लागि जातीय मतमाथि निर्भर थियो भन्ने चर्चा थियो। तर, सो क्षेत्रका बहुसङ्ख्यक यादव जातिले मतदान गर्दा जातीयतालाई आधार बनाएन्। डा. राउतलाई यादव जातिको राम्रो मत प्राप्त भएको छ। त्यसपछि, उहाँले उपेन्द्रभन्दा करिव दोब्बर मतले जित हात पार्नुभएको हो।

सरकार बनाउनका लागि चर्चा परिचर्चा शुरु भइसकेका छन्। के उपेन्द्र यादव ओलीकै पक्षमा रहने कि नरहने विषयमा बहश शुरु छ। निर्वाचनको परिणामलाई दृष्टिगत गर्दा काँग्रेस ठूलो पार्टी बन्ने सम्भावना छ। जसपाले थ्रेस होल्ड कटाउनमा सफल भयो भने सरकार निर्माणमा अहम भूमिका निर्वाह गर्न सक्ने छन्।

निर्वाचनमा हारजित भइरहन्छ। हरेस खानु हुँदैन्। मोरङ-६ बाट डा. शेखर कोइराला निर्वाचनमा पराजित भएका थिए। अहिले सोही क्षेत्रबाट भारी मतले लालबावु पण्डितलाई हराएर जित्नु भएको छ। पार्टीको सङ्गठनलाई बलियो बनाउनका लागि स्वच्छ छविका कार्यकर्तालाई अगाडि बढाउनु पर्छ। उपेन्द्र यादव एक साहसिक नेता हुन्। यो हारले उहाँलाई नयाँ उर्जा प्रदान गर्नेछ। 'इतिश्री'

## सन्दर्भ विवाह पञ्चमी

# सन्त तुलसीदासको जीवन चरित्र र जनकपुर



डा.रेवतीरमण लाल

गोस्वामी तुलसीदासको जन्म स्थान राजापुर थियो। माताको नाम हुलसी थियो। तुलसीदासको जन्म लिदै उनकी आमाको मृत्यु भयो र पिता पनि घरबाट भागेर गईसके। जन्मदै आमाको मृत्यु भएकोले मानिसहरु उनलाई अशुभ बच्चा भन्न थलो पिता समेत उनलाई अशुभ मानेर फालेर आउने आदेश दिएका थिए। आमा बाबुको अनुपस्थितिमा एउटी भीख माग्ने बुढी पार्वती उनलाई पालन पोषण गरेकी थिइन।

उनको जन्मको बखत देशमा भारी आपदकाल रहेको किन कि मुसलमानी शासकहरु भारी अत्याचार मचाई रहेको थियो। यो बखत देशमा मुसलमानी शासन नै थियो। एक दिन अत्यन्त पानी वर्षा र हुरी वतास आयो कि त्यस भीख माग्ने बुढी पार्वती माथी नै उसको टुटेको झोपडी खसी हाल्यो। त्यस बखत केटा तुलसी बाहिर भीख माग्न कही बाहिर गएका थिए। वर्षा पानीमा भीज्दै तुलसी फर्केर भीख मागेर आउदा बुढी पार्वतीको दशा हेरेपछि अत्यन्त दुखी हुनुभयो।

तुलसीदासले त्यस बुढी पार्वतीलाई कुनै किसिमले बाहिर निकाले तर केही दिनभित्र पार्वती विना कुनै रोगले मृत्यु वरण गरी त्यसपछि तुलसी रामबोला नामले विख्यात भयो। तुलसी अब असहाय भैसकेको हुनु हुन्थ्यो। अब मानिसहरु तुलसीलाई अत्यधिक तंग गर्न थाल्यो। मानिसहरुद्वारा तुलसीलाई रामबोला भनेर सम्बोधन गर्ने कारण यो थियो कि तुलसी एक दिन राम शव्दको उच्चारण गर्नु भएको थियो यसै कारणले उनलाई पालन पोषण गर्ने बुढी पार्वतीले उनलाई "रामबोला" भन्न थालेको थियो।

घुम्दा घुमदै एक राती गंगातटमा सुती रहेको बखत सपनामा सीताजी प्रगट हुनुभयो र भन्नु भयो "अयोध्या जाउ र रामायणको रचना गर" सीताजी विलिन भई र हनुमानजीको दर्शन भयो। हनुमानजी पनि विलिन भएपछि महाकवि बाल्मीकि प्रगट हुनुभयो र बाल्मीकिले भन्नु भयो। तिमी अयोध्या जाउ र भाषामा रामायणको रचना गर। त्यसपछि बाल्मीकि विलिन भएपछि पुनः हुनमान प्रगट हुनुभयो। अनि हनुमान पनि सपनावाट विलीन हुनुभयो।

जब तुलसीदासको आँखा खुल्यो उहाँ अयोध्याको लागि प्रस्थान गर्नुभयो। अयोध्याय पुग्नु भयो जहाँ केही वर्ष अघि नै सन्त नरहरिदास सँग आउनु भएको थियो।

गुरु नरहरि दासको मृत्यु बाराह क्षेत्रमा भएको थियो। गुरुको मृत्युको पशचात शेष सनातन महाराज उहाँको अविभावक बन्नुभयो। काशीमा एकुटी वेश्या मोहिनी र तुलसीदासमा एक अर्का प्रति प्रेमकर्षण भयो। वेश्या मोहिनी श्रेष्टनायिका थिइन। त्यो वेश्या एउटा मुसलमानकी रखैल थिइ। तुलसी दासको बखत देशमा मुसलमानी शासन थियो। चारैतिर लुट खसोट, व्यमिचार, अनाचार ज्यादै भैरहेको थियो।

मुगलद्वारा तुलसीलाई पनि एक पटक ज्यान मार्न लागेको थियो जब तुलसीले आफनो तीक्षण वृद्धिले बाँच्न सफल हुनुभयो। तुलसीदासको मनमा हनुमान यसरी नै बसेका थिए कि रामको स्मरण गरेपनि हनुमान अगाडी देखिनु हुन्थ्यो। पछि त रामलाई सम्झदा पनि हनुमान आउँदा अत्यन्त दुखी हुनुभयो।

कंवन र कृतिवासको रामायण पहिले नै लेखी सकिएको थियो। अयोध्यामा बजरंगबलीको दिन मंगल दिन तुलसीदास रामायणको रचनाको संकल्प गर्नुभयो। अयोध्यामा साधुहरुले तुलसीदासलाई उपद्रो मचाउनु भएको थियो- सबै साधुहरु रामायण रचनाको प्रारम्भबाट इर्ष्या गर्न थालेका थिए। एकदिन उनका कृति रामायण चोरी गराउने उद्देश्यले चोरहरु पठाई दिए भएका थिए। चोर पुगेपछि कहाँ कहाँबाट बानरहरु आएर कुटेर चोरलाई बेहोश गर्रा दिए। तत्पश्चात जब होश आयो अनि चोरहरुले यो कुरा खुलाए। यस घटना पश्चात रामायणको चोरीको डरले तुलसीदास काशी फर्की हाल्नुभयो। अयोध्यामा भरत मिलापसम्म लेख्नु भएको थियो।

चम्मो सहुआइन र विक्रमपुर की विधवा राजकुवरीलाई तुलसीदास प्रति आकर्षण भएको थियो र तुलसीदासलाई पनि उनीहरु प्रति आकर्षण रहेको तर तुलसी यिनीहरुको फाँसबाट उमकन खोजी रहेका थिए र पछि छुटकारा पनि पाए। यता दीनबन्धु पाठक जो तुलसीका पिताका मित्र पनि थिए उनकी एउटछी पुत्री रत्नावली थिइन र यी दनिबन्धु पाठक की एक मात्र सन्तान भएकोले दनिबन्धु पाठकले आफनी पुत्रीलाइ महान विदुषी बनाउनु भएको थियो। एक पटक दीनबन्धुले तुलसीलाइ आफनो घर लग्नुभयो र तुलसीले रत्नजावलीलाई देखेपछि उनी अत्यन्त प्रभावित हुनुभयो र रत्नावलीसँग विहे पनि भयो। त्यसबाट एउटा पुत्र तारापतिको जन्म पनि भयो।

तुलसीदास कथावचक रुपमा प्रसिद्ध भै ठाउँ ठाउँ घुमी घुमी कथावाचन गर्न थाल्नु भएको थियो। उहाँ ज्योतिष विध्या पनि जान्नु हुन्थ्यो। काशी बस्दा तुलसी आफनो ज्योतिष विध्या र रामकथा वाचनबाट असंख्य धन पाए तर सबै अस्विकार गरी दिनुभयो। काशीबाट आफनी पत्नीको प्रेममा आफनो ससुराली पुग्नुभयो। राती पत्नीसँग भेटेपछि स्वास्नीलाई भन्नु भयो- म शंकरपुरी (काशी) मा धेरै धन प्राप्त गरेर सवालाखको पुरस्कार पनि प्राप्त गरेको छु। यसबाट एकलाख म आफनो मित्रलाइ दिएँ र बारहहजार काशीमा हनुमान मन्दिर निर्माण गर्न दिएर आएको छु। बांकीबाट तीनहजार धर्म कर्ममा खर्च गरेको छु र दुई जना मित्रहरुको छोरीहरुको विहे गराई दिएँ। एउटा दरीद्र व्राह्मणलाई घर किनी दिएँ र दशहजार तान्त्रिक अनुष्ठानमा खर्च गरे। ज्योतिष विध्याबाट सत्रहहजार अरु प्राप्त गरेको थिएँ जसबाट राजाको लागि पनि दुईहजार छुट्याई दिएको छु र बांकी रुपैया तपाई घर गएपछि तपाईलाई दिनेछु।

स्वास्नी रत्नालाई बडो दुख भयो र लाग्नेको स्वास्नीको देहको भुख देखेर भन्नु भयो- लोग्ने मानिस चमडाको लोभी हुन्छ र आफनो जीवनमा स्थित रामको लागि त्यो लोभ प्रेम हुँदेन। तुलसीलाई स्वास्नीको कुरा सुनेर यस्तो भयो कि जीवनमा नयाँ प्रकाश आएको छ र सुतेकी स्वास्नी र पुत्रलाईए छाडेर घरबाट निस्की हाल्नु भयो। मनमा आयो म वास्तवमा प्रेमी होइन पातकी छु। उहाँ भन्न थाल्नु भो-

**"अवलौ नसानी अब न नसै हो "**
**करे एक रघुनाथ सँग बाँध जटा सिर केश**
**हम तो चखे प्रेम रस पतिनीके उपदेश"**

तुलसी चित्रकुट पुग्नुभयो र यस ठाउँमा बस्दा पुत्र तारापतिको मृत्युभयो र त्यसपछि स्वास्नी रत्ना तुलसीलाई पता लगाउदै चित्रकुट पनि पुगिन र तुलसीले आफनी स्वास्नीलाई अस्विकार गरी आफनो साथ बस्न मनाही गरि दिए। तुलसीको भनाइ थियो- रत्नाले त स्वयं आफनो तर्फबाट तुलसीलाइ विमुख गराएकी थिइन। रत्नावली कति अनुनय विनय गर्दा पनि, पाउ समातेर रुन थालिन तर स्वामीसँग बस्न थाले पछि पहिला जस्तै स्वास्नी प्रति आशक्ति बढछ भनेर स्वास्नीको साथमा बस्न मान्नु भएन र तुलसीले चित्रकुट पनि छाडनुभयो।

हिन्दीका साहित्यकार अमृत लाल नागर अनुसार त्यसपछि तुलसी मिथिला पुगेर जहाँ उनी त्यहााका मानिसहरुबाट स्वयंम्वर धनुष यज्ञ, जनक फुलवारी आदि देखाइयो। मिथिला मै जनकपुर मै जानकी मंगलको रचना गर्नु भएको थियो। तुलसीका काव्य पुरुष जनकपुरमा नै जागेको बुझिन्छ। जानकी मंगल प्रबन्ध काव्यको रचना जनकपुरमा नै गर्नु भएको थियो र मिथिलामा सतत् जानकी विवाह एवं राम विवाहको जन्तीको ध्यान राख्नु हुन्थ्यो। यसबाट आनन्द लिदै रहनुभएको थियो।

सन्त तुलसीदास जनकपुर अवश्य पनि आउनु भएको थियो होला किनकि उहाले रचना गर्नु भएको मानसमा मिथिलाको संस्कृतिको पूर्ण झलक राम जानकीको विवाह प्रसंगमा देखिन्छ। जन्तीको परिक्षण, वर परिक्षण, जन्तीको भोजनकालको मिथिलामा प्रचलित परिहास परम्परा कन्यादान आदि मिथिलाका सांस्कृतिक परम्पराको वर्णन मिथिमा सन्त तुलसीदासको पदार्पणले मात्र समभव भएको बुझ्न सकिन्छ। अर्को कुरा के छ भने सन्त तुलसीदासले मात्र पहिलो पटक जनकपुरको उललेख उहा्ले रचना गर्न्रु भएको रामायणमा पाइन्छ। जनकपुर त्यस कारणले पनि उहाँको कृतज्ञ रहेको छ। जानकीको मिथिलाबाट विवाहपछि मिथिलाबाट भएको विदाइको क्रममा भएको विधि व्यवहार सम्बन्धी कुराहरु मिथिलाको संस्कृतिको परिचय वेगर सम्भव थिएन र उनी जनकपुर आएर मात्र यस मिथिलानीहरुबाट सो बारे जानकारी अवश्य बुझ्नु भएको हुन सक्छ।

सीताहरणमा तुलसी आफनी रत्नावली प्रति अनन्य चाहना रामको बहानामा सीताजी माथि प्रदर्शित गनु भएको जस्तो मान हुन्छ। अयोध्या जस्तै काशीमा पनि साधुहरु तुलसीलाई बडो उपद्रो गरेका थिए र कतिवटा आफना आश्रमहरुलाइ पनि बदल्नु परेको थियो। काशीमा रामायणको रचना गर्दा उनका साथी सन्तहूले एउटा विष्णु मठको गोस्वामी (प्रमुख) बनाई दिनु भएको थियो। तुलसीले सहर्ष स्वीकार गर्नु भएको थियो। उहाँले सोध्नु भयो राम र कृष्णमा के फरक ?

यस कृष्ण मठमा पुनः पुनः रत्नावली आइ हाल्नु भयो। लोग्नेको पाउ स्पर्श गरेपछि एउटा अपूर्व आनन्दको अनुभव तुलसीलाई भयो। रत्नावलीलाई बस्न अलग एउटा कोठा दिनु भएको थियो। जसमा रत्नावली छुटै बसेकी थिइन। तर लोग्ने स्वास्नीको सम्पर्क भएन। जवसम्म रत्नावली त्यहाँ बसेकी थिइन भोजन उनकै हाथबाट बनेको तुलसीले पनि भोजन गनु भै असीम आनन्दको अनुभव गर्नु हुन्थ्यो।

रत्नावली सँगको प्रेमले कुनै बेला तुलसीले रामलाइ पनि विर्सनु हुन्थ्यो। यस कारण तुलसी सदा सतर्क रहनु हुन्थ्यो। रत्नावली काशीमा तुलसी भन्दा टाढा बसेर पनि रहन चाहन्थी तर तुलसी त्यस्तो मान्नु भएन। काशी छाड्ने आदेश दिनुभयो। तर कुरा गर्दा समेत आमने सामने हुन दिनु भएन तुलसीले। तुलसीलाई यो भयो कि जति अन्याय रामले सीता प्रति गर्नु भो त्यस भन्दा बढी अन्याय रत्नावली प्रति तुलसीद्वारा भएको थियो काशी छाड्दा रत्नावलीका आँखाबाट आँसुको अविरल धारा बग्न थाल्यो। तुलसीलाई स्थिर रहन कठिन भयो। रत्नावली जाँदा जाँदै एउटा भीख माँगेकी थिइन- मृत्यु भन्दा अघि पतिको दर्शन। तुलसीदास स्वीकार पनि गरे। र त्यो पुरा गरे। राजापुरमा रत्नावलीको मृत्युको बखत पुगी सक्नु भएको थियो।

मठमा तुलसी रामायण वाचन गर्नु हुन्थ्यो रामायण त पूर्ण भयो त यस ठाउँमा पनि उहाँको लोकप्रियताको कारणले दुष्टहरु उपद्रो गरेका थिए र यस मठलाइ छाडेर अस्सी घाट (काशी) मा पुनः आउनुभयो। रत्नावली पनि कवियित्री थिइन र उनकी सातवटा पदह्ररु प्राप्त भएका छन। उनका पदहरु अनुसार बारह वर्षको आयुमा विवाह र सोरह वर्षको उमेरमा गौना र विहेको १२ वर्ष पछि पतित्याग भएको थियो। रत्नावलीको मृत्युको ठ्याक एक वर्षपछि तुलसी विनय पत्रिकाको रचना गर्नु भएको थियो र यसपछि श्रावण महिनामा गोलोकवासी हुनुभयो।

**"देखहु तात बसन्त सुहावा**
**प्रिया हीन मोहि भय उपजावा"**

# अनुभवी नेता अर्जुननरसिंह केसीको राजनीतिक जीवन

काठमाण्डु । मुलुकको राजनीतिमा अनुभवी एवं पुराना नेता अर्जुननरसिंह केसी ७५ वर्षमाथिको उमेर समूहबाट संसद् प्रवेश गर्नेमा थोरै नेतामध्येका एक हुनुहुन्छ।

उमेरले ७० कटे पनि राजनीतिमा भने उहाँ सक्रिय हुनुहुन्छ । विसं २००४ असोज ११ गते नुवाकोटको राउतबैंसीमा पिता भगवान्सिंह केसी र माता यशोदादेवीका सुपुत्रका रूपमा जन्मनुभएका केसी विसं २०१८ देखि राजनीतिमा सक्रिय हुनुहुन्छ । स्नातकोत्तर र बिएलसम्मको अध्ययन गर्नुभएका उहाँले छ वर्ष नौ महिना जेल जीवन बिताउनुभएको छ । पार्टी प्रतिबन्ध र आन्दोलनका क्रममा केसी पटक-पटक भूमिगत बस्नुभएको छ । त्रिभुवन विश्वविद्यालयमा राजनीतिशास्त्रको प्राध्यापन र कानुन व्यवसायीका रूपमा समेत काम गर्नुभएका केसीले एसिया, युरोप, अमेरिका, अष्ट्रेलिया, ल्याटिन अमेरिका र अफ्रिकालगायतका ३५ भन्दा बढी देशको भ्रमण गर्नुभएको छ। केसीले नेपाली कांग्रेसको सहमहामन्त्री, प्रवक्ताका साथै पार्टीको विभिन्न विभागको प्रमुख एवं केन्द्रीय सदस्य भएर काम गरिसक्नुभएको छ।

केसीले शिक्षा, स्वास्थ्य, भौतिक योजना तथा निर्माण एवं सहरी विकासमन्त्री भएर कार्यकारी भूमिकामा पनि काम गरेको अनुभव सँगाल्नुभएको छ । नेता केसी समसामयिक विषयमा पत्रपत्रिकामा लेख लेखिरहने नेतामध्येमा पर्नुहुन्छ।

यसपटकको संसदीय निर्वाचनमा नुवाकोट जिल्ला निर्वाचन क्षेत्र नं २ बाट कांग्रेसका तर्फबाट उहाँ उम्मेदवार बन्नुभएको थियो । केसी २८ हजार एक सय सात मत ल्याएर विजयी हुनुभएको हो । उहाँका निकटतम् प्रतिस्पर्धी राष्ट्रिय स्वतन्त्र पार्टीका सुमनविक्रम पाण्डेले १६ हजार चार सय ७७ मत पाउनुभयो।

नेकपा (एमाले)का उम्मेदवार नारायणप्रसाद खतिवडाले १५ हजार पाँच सय ६१ मत ल्याउनुभयो । यसअघि विसं २०७४ को निर्वाचनमा एमालेका उम्मेदवार खतिवडासँग केसी १० हजार मतान्तरले पराजित हुनुभएको थियो । केसी यो पटक खतिवडाभन्दा १२ हजार पाँच सय ६४ मतान्तरले निर्वाचित हुनुभएको हो ।रासस

# प्रतिनिधिसभामा प्रत्यक्षतर्फ निर्वाचित महिला उम्मेदवार



विद्या भट्टराई, रेखा थापा, सोविता गौतम, रञ्जिता श्रेष्ठ, तोसिमा कार्की, ज्वाला कुमारी साह, जुली महतो

काठमाण्डु । देशभर प्रतिनिधिसभा प्रत्यक्षतर्फ दुई हजार चार सय २२ उम्मेदवार कायम रहेका मध्ये महिला उम्मेदवार दुई सय २५ जना रहेका थिए । मतगणनाको अन्तिम नतिजा आइसक्दा अहिलेसम्म आठ जना महिला, प्रतिनिधिसभा सदस्यमा निर्वाचित हुन सफल भएका छन् ।

प्रतिनिधिसभाको प्रत्यक्षतर्फ सबैभन्दा धेरै महिला उम्मेदवार उठाएको बताउने राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वप)बाट १२ जना महिला उम्मेदवार थिए । रास्वप बाट दुई जना महिला निर्वाचित भएका छन् । नेपाल कम्युनिष्ट पार्टी (नेकपा एमाले)का ११ महिला उम्मेदवारमा तीन जना निर्वाचित भएका छन् । नेपाली कांग्रेसका पाँच महिला उम्मेदवारमा एक र नेकपा माओवादी केन्द्रका सात महिला उम्मेदवारमा एक जना निर्वाचित भएका छन् । यस्तै नागरिक उन्मुक्ति पार्टीका एक महिला प्रतिनिधिसभा सदस्य प्रत्यक्षतर्फ निर्वाचित भइसकेका छन् ।

**डा तोसिमा कार्की (ललितपुर–३)**

प्रतिनिधिसभा सदस्यमा नयाँ अनुहारमा ललितपुर निर्वाचन क्षेत्र नं ३ बाट राष्ट्रिय स्वतन्त्र पार्टीका उम्मेदवार डा तोसिमा कार्की प्रवेश गर्नुभएको छ । उहाँले ३१ हजार एक सय २६ मतसहित विजय प्राप्त गर्नुभएको निर्वाचन अधिकृत धर्मराज पौडेलले जानकारी दिनुभयो । उहाँले आफना निकटतम प्रतिद्वन्द्वी एमालेका अमृत खड्का लाई पराजित गर्दै विजय हुनुभएको हो ।

उहाँ पेसाले पाटन अस्पतालमा चिकित्सक (जनरल सर्जन) हुनुहुन्छ । ललितपुर महानगरपालिका-१८ नख्खुखोला मार्ग निवासी डा तोसिमाले कक्षा १० सम्मको अध्ययन स्थानीय शहीद धर्मभक्त विद्यालयमा भएको थियो। मोडर्न इन्डियन स्कुल, चोभारबाट कक्षा १२ तथा किष्ट मेडिकल कलेज, ललितपुरबाट एमबिबिएससम्मको अध्ययन पूरा गर्नुभएको हो।

काठमाडौं विश्वविद्यालयबाट जनरल सर्जरीमा मास्टर्स तोसिमा नेपाल मेडिकल काउन्सिलको निर्वाचित केन्द्रीय सदस्य हुनुहुन्छ । भूकम्पमा सिन्धुपाल्चोकको बतासे, रामेछाप, नुवाकोटको साल्मे, ललितपुरको ठूलादुर्लुङलगायतका स्थानमा स्वास्थ्य तथा राहत शिविरको नेतृत्व गर्नुभएकी तोसिमा सामाजिक न्यायका अभियान र भ्रष्टाचारविरुद्धका आन्दोलनमा समेत सक्रिय रहेको बताउनुहुन्छ।

**सोविता गौतम (काठमाडौँ–२)**

राष्ट्रिय स्वतन्त्र पार्टी निर्वाचित सोविता गौतम काठमाडौँ निर्वाचन क्षेत्र नम्बर २ बाट निर्वाचित हुनुभएको छ । २७ वर्षीया गौतम सबैभन्दा कान्छी प्रतिनिधिसभा सदस्य बन्नुभएको हो । उहाँ पन्ध्र हजार दुई सय ३८ मतसहित निर्वाचित हुनुभएको हो। दोलखा तामाकोसी गाउँपालिका स्थायी घर भएकी गौतम परिवारसँग काठमाडौँ बस्दै आउनुभएको छ।

कानुनमा स्नातक गौतमले नेपाल स्वास्थ्य अनुसन्धान परिषद्मा कानुनी सल्लाहाकारको रूपमा काम गर्दै आउनुभएको छ । गौतमसँग सामाजिक सङ्घसंस्थासँगै नेपाल टेलिभिजनमा कार्यक्रम प्रस्तोताको समेत अनुभव छ।

**जुलीकुमारी महतो (धनुषा–३)**

धनुषा जिल्ला निर्वाचन क्षेत्र नम्बर ३, प्रत्यक्षतर्फ प्रतिनिधिसभा सदस्यमा नेकपा (एमाले)की जुलीकुमारी महतो निर्वाचित हुनुभएको छ। उहाँले ३३ हजार तीन सय ८८ मतसहित विजयी हुनुभएको छ। पाँच दलीय गठबन्धनका लोकतान्त्रिक समाजवादी पार्टीका अनिलकुमार झालाई पराजित गर्दै उहाँ तेस्रो पटक निर्वाचित हुनुभएको हो। ४६ वर्षीया महतो यसअघि समानुपातिक निर्वाचन प्रणालीबाट निर्वाचित हुनुभएको थियो । तीन दशकदेखि राजनीतिमा क्रियाशील उहाँले संसदीय यात्रा भने २०६४ बाट सुरु भयो। संविधानसभा सदस्य निर्वाचन २०६४ मा एमालेबाट समानुपातिक सदस्यमा निर्वाचित हुनुभएको थियो। संविधानसभा सदस्य निर्वाचन २०७० मा धनुषा ३ मा पराजित हुनुभएको थियो । ०७४ मा पुन समानुपातिक सदस्य निर्वाचित हुनुभयो । जनकपुर उपमहानगरपालिका-९ की स्थायी बासिन्दा उहाँको राजनीतिक यात्रा अनेरास्ववियुबाट सुरु भएको हो । विसं २०४६ देखि २०४८ सालसम्म जनसेवा माविको सचिवको जिम्मेवारीमा रहनुभएकी उहाँले २०५२ मा विवाहपछि श्रीमान् रघुवीर महासेठको प्रेरणाले राजनीतिमा लागेको बताउँदै आउनुभएको छ । एमालेको जिल्ला कमिटी सदस्य, राष्ट्रिय प्रतिनिधि परिषद् सदस्य र पार्टीको जनकपुर अञ्चल कमिटी सदस्य हुँदै ०७४ मा केन्द्रीय सदस्य बन्नुभयो । उहाँ महिला, बालबालिका तथा ज्येष्ठ नागरिकमन्त्रीसमेत बन्नुभएको थियो।

**विद्या भट्टराई (कास्की–२)**

कास्की निर्वाचन क्षेत्र नम्बर-२ बाट नेकपा (एमाले)की विद्या भट्टराई निर्वाचित हुनुभएको छ । उहाँले १६ हजार नौ सय ९८ मतसहित निर्वाचित हुनुभएको हो । निकटतम प्रतिस्पर्धी राष्ट्रिय स्वतन्त्र पार्टीका माधवप्रसाद कँडेललाई पराजित गर्दै उहाँ बिजयी हुनुभएको हो।

कास्की भरतपोखरी स्थायी घर भएकी भट्टराई स्व रवीन्द्र अधिकारीकी श्रीमती हुनुहुन्छ। ४९ वर्षीया भट्टराई प्रतिनिधिसभा सदस्य प्रत्यक्षतर्फ कास्की जिल्ला निर्वाचन क्षेत्र नं-२ बाट भएको भएको हो। २०४६ सालबाट विद्यार्थी राजनीति सुरु गर्नुभएको भट्टराईको संसदीय यात्रा भने सङ्घीय संसद् प्रतिनिधिसभा सदस्य उपनिर्वाचन मा कास्की-२ बाट निर्वाचित भएर सुरु भयो। उहाँले एमफिलसम्म अध्ययन गर्नुभएको छ।

झण्डै १७ वर्ष शिक्षण पेसामा आबद्ध उहाँले त्रिभुवन विश्वविद्यालयको स्थायी सेवा छाडेर श्रीमान् रवीन्द्र अधिकारीको निधनपछि उपनिर्वाचनमा उम्मेदवार बन्नुभएको थियो। अनेरास्ववियु महिला विभाग प्रमुखका रूपमा २०५० सालमा चार वर्ष जिम्मेवारी सम्हाल्नुभएको उहाँले २०५५ मा केन्द्रीय सदस्य हुँदै एमाले काठमाडौँको महिला कमिटी सचिव बन्नुभयो।

**रेखा शर्मा (दाङ–२)**

दाङ जिल्ला निर्वाचन क्षेत्र नं २ मा नेकपा (माओवादी केन्द्र)की रेखा शर्मा निर्वाचित हुनुभएको छ । छब्बीस हजार आठ सय ८० मतसहित निर्वाचित हुनुभएको शर्माले निकटतम प्रतिस्पर्धी नेकपा (एमाले)का महासचिव शङ्कर पोखरेललाई पराजित गरेर उहाँ निर्वाचित हुनुभएको हो।

५३ वर्षीया शर्मा पहिलोपटक २०७० मा संविधानसभा सदस्यमा समानुपातिकतर्फ निर्वाचित हुनुभएको थियो । माओवादी केन्द्रबाट समानुपातिकमा सदस्य बन्नुभएको उहाँले ०७४ मा पनि समानुपातिक प्रणालीबाटै निर्वाचित हुनुभयो । उहाँ सामान्य प्रशासनमन्त्री, राज्य व्यवस्था तथा सुशासन समिति सदस्य, पार्टीको संसदीय दलको सचेतकसमेत बन्नुभयो।

घोराही उपमहानगरपालिका १८, दाङको स्थायी बासिन्दा शर्माले २०४२ सालमा अनेरास्ववियुबाट विद्यार्थी राजनीति सुरु गुर्न भएकोहो । उहाँले अनेमसङ्घ क्रान्तिकारीको अध्यक्ष हुँदै २०७५ मा पार्टीको केन्द्रीय सदस्य बन्नुभयो । सशस्त्र द्वन्द्वको समयमा २०५८ सालमा एक वर्ष सैनिक हिरासतमा समेत बस्नुभयो।

**ज्वालाकुमारी साह (बारा–३)**

बारा निर्वाचन क्षेत्र नं ३ मा नेकपा (एमाले) की ज्वालाकुमारी साह निर्वाचित हुनुभएको छ। बीस हजार दुई सय ५१ मतसहित निर्वाचित हुनुभएकी साहले निकटतम प्रतिस्पर्धी जसपा नेपालका रामबाबुकुमार यादवलाई पराजित गर्नुभएको छ।

जीतपुर सिमरा उपमहानगरपालिका-१६ की स्थायी बासिन्दा साहले २०५४ सालदेखि भूमिगतरूपमा नेकपा (माओवादी केन्द्र)को विद्यार्थी राजनीति यात्रा थालनी गर्नुभएको थियो । संसदीय यात्रा भने पहिलो संविधानसभामा मनोनित सदस्यका रूपमा सुरु भयो। ०७४ मा मधेस प्रदेशको प्रदेशसभा निर्वाचन क्षेत्र नं-३, क, मा निर्वाचित हुनुभएको थियो । ४१ वर्षीया साह संवैधानिक राजनीति समितिको सदस्य, भूमिसुधार राज्यमन्त्री र पर्यटन राज्यमन्त्रीका साथै १३ दिनको छोटो समयका लागि कृषिमन्त्रीसमेत बन्नुभयो।

**रञ्जिता श्रेष्ठ (कैलाली–१)**

कैलाली-१ मा प्रतिनिधिसभातर्फ नागरिक उन्मुक्ति पार्टीका उम्मेदवार रञ्जिता श्रेष्ठ प्रतिनिधिसभा सदस्यमा निर्वाचित हुनुभएको छ । तीस हजार चार सय चार मतसहित निर्वाचित हुनुभएको श्रेष्ठले प्रतिस्पर्धी नेपाली कांग्रेसका रामजनम चौधरीलाई पराजित गर्नुभयो।

पूर्वसांसद रेशमलाल चौधरीकी श्रीमती श्रेष्ठ नागरिक उन्मुक्ति पार्टीको अध्यक्षसमेत हुनुहुन्छ । टीकापुर घटनामा दोषी ठहर भई हाल जेल जीवन बिताइरहेका श्रीमान्लाई अघिल्लो निर्वाचनमा सहयोग गर्नुभएको श्रेष्ठ यस पटक आफैँ निर्वाचन मैदानमा उत्रिनुभएको थियो।

**सीता गुरुङ (तेह्रथुम–१)**

तेह्रथुम निर्वाचन क्षेत्र नं १ मा नेपाली कांग्रेसकी उम्मेदवार सीता गुरुङ प्रतिनिधिसभा सदस्यमा निर्वाचित हुनुभएको छ। निर्वाचन आयोगको मतपरिणामअनुसार गुरुङले १९ हजार ७०२ मतसहित प्रतिनिधिसभा सदस्यमा निर्वाचित हुनुभएको छ । उहाँले प्रतिस्पर्धी नेकपा (एमाले)का विजय सुब्बालाई पराजित गर्नुभएको छ।

विसं ०७४ मा भौतिक पूर्वाधार तथा यातायात राज्यमन्त्रीसमेत भएकी गुरुङले ०७४ को निर्वाचनमा एमालेका भवानीप्रसाद खापुङसँग पराजित हुनुभएको थियो। त्यसअघि गुरुङ दुवै पटकको संविधानसभा सदस्यमा समानुपातिकबाट निर्वाचित हुनुभएको थियो।

तेह्रथुम इवा नगरपालिकाकी स्थायी बासिन्दा गुरुङको राजनीतिक यात्रा विसं २०४६ बाट सुरु भयो। नेविसङ्घ जिल्ला सचिव, तरुण दल जिल्ला कोषाध्यक्ष, नेपाल महिला सङ्घको जिल्ला सभापति हुँदै नेपाल महिला सङ्घको केन्द्रीय सदस्य र सचिव बन्नुभयो । ०६७ मा काग्रेसको केन्द्रीय सदस्य बन्नुभएको उहाँ ०७८ सालमा केन्द्रीय सदस्यमा निर्वाचित हुनुभयो। रासस

# जनताका विकासका अपेक्षा पूरा गर्छु : उपाध्यक्ष पौडेल

रुपन्देही । नेकपा (एमाले) का उपाध्यक्ष तथा रुपन्देही जिल्ला निर्वाचन क्षेत्र नं २ बाट प्रतिनिधिसभामा निर्वाचित विष्णुप्रसाद पौडेलले आफूले मत माग्ने क्रममा जनतासँग गरेका वाचा पूरा गर्ने बताउनुभएको छ।

प्रतिनिधिसभामा निर्वाचित भएसँगै राससलाई दिनुभएको प्रतिक्रियामा उहाँले भन्नुभयो, "रुपन्देहीका जनताले आफूलाई यसपटक पनि अनुमोदन गरेबाट विकासप्रति यहाँका मतदाताको आकाङ्क्षा झन् प्रकट भएको महसुस गरेको छु, जताका विकासका आकाङ्क्षा पूरा गर्नेछु।"

उहाँले रुपन्देही जिल्लासहित बृहत् लुम्बिनी क्षेत्रको व्यवस्थित र दीर्घकालीन विकासमा जोड दिने प्रतिबद्धता आफूले निर्वाचनका बेला जनतासँग गरेको र आगामी दिनमा अब सोहीबमोजिम नै काम अघि बढाउने पनि बताउनुभयो । आफ्नो निर्वाचन क्षेत्र सँगैसँगै सिङ्गो रुपन्देही जिल्लाको विकासका लागि महत्वपूर्ण भूमिका निर्वाह गर्दै आएका पौडेलले रुपन्देहीलाई विकासको नमुनाका रूपमा विकास गर्ने बताउँदै आउनुभएको छ।

उहाँले आफू अर्थमन्त्री भएका बेला विविध आयोजनाहरूसहित रुपन्देही जिल्लालाई आर्थिक विकासको केन्द्रका रूपमा अघि बढाइएको र लगानी र विकासको मोडेलको मुख्य गन्तव्य लुम्बिनी भइसकेको पनि उल्लेख गर्नुभयो।

"हामी सबैको प्रयासबाट लुम्बिनीमा अन्तर्राष्ट्रिय विमानस्थल निर्माण भएर सञ्चालनमा आइसकेको छ, विश्वमा लुम्बिनीको आफ्नै गरिमा र आस्था रहेकाले अब विश्वको धार्मिक एवं सांस्कृतिक पर्यटनको एक प्रमुख गन्तव्य नै हामी लुम्बिनीलाई बनाउँदैछौँ", उहाँले बताउनुभयो।

निर्वाचित भएसँगै राससलाई दिनुभएको प्रतिक्रियामा उहाँले भन्नुभयो, "हामीले सुरु गरेका केही ठूला राष्ट्रिय महत्वका आयोजना पूरा गर्नुपर्ने दायित्व छ, केही प्रतिबद्धता गरेअनुसारका आयोजना सुरु गर्नुपर्नेछ ।रासस

# संसदीय यात्रामा स्वतन्त्र उम्मेदवारको निरन्तरता

काठमाण्डु । मुलुकका प्रमुख राजनीतिक शक्ति निर्वाचनको परिणाम आफ्नो पक्षमा ल्याउन गठबन्धन गरे तापनि केही निर्वाचन क्षेत्रमा गठबन्धनलाई पछि पार्दै स्वतन्त्र उम्मेदवार विजयी हुन सफल भएका छन् । प्रतिनिधिसभा र प्रदेशसभाको जारी मतगणनामा हालसम्म प्रतिनिधिसभामा पाँच र प्रदेशसभामा १२ स्वतन्त्र उम्मेदवार विजयी भएका छन्।

प्रतिनिधिसभातर्फ मोरङ ५ मा योगेन्द्र मण्डल, सर्लाही ४ मा अमरेशकुमार सिंह, रौतहट २ मा किरणकुमार साह, रौतहट ३ मा प्रभु साह र बर्दिया २ मा लालवीर चौधरी निर्वाचित हुनुभएको छ । प्रदेशसभातर्फ मधेस प्रदेशमा सबैभन्दा बढी छ स्वतन्त्र उम्मेदवार विजयी हुनुभएको छ । लुम्बिनीमा तीन, गण्डकी, कर्णाली र सुदूरपश्चिम प्रदेशमा एक/एक स्वतन्त्र उम्मेदवार निर्वाचित भएको निर्वाचन आयोगले जनाएको छ।

मधेसको सप्तरी २ मा अनिरुद्रकुमार सिंह, महोत्तरी २ मा सुरिताकुमारी साह, सर्लाही १ मा जवाहरलाल कुशवाहा, रौतहट १ मा केशव राय, बारा १ मा शारदा शङ्करप्रसाद कलवार र पर्सा १ मा प्रमोदकुमार जयसवाल निर्वाचित हुनुभएको छ । गण्डकीको मनाङ २ मा राजिव गुरुङ, लुम्बिनीको रुकुमपूर्व १ मा सुरल पुन, रोल्पा २ मा दीपेन्द्रकुमार पुन मगर, नवलपरासी (बर्दघाट सुस्तापश्चिम) १ मा खड्ग बस्नेत, कर्णालीको जुम्ला १ मा देवेन्द्रबहादुर शाही तथा सुदूरपश्चिमको डडेलधुरा २ मा ताराप्रसाद जोशी निर्वाचित हुनुभएको छ।

विसं २०७४ सालको निर्वाचनमा प्रतिनिधिसभामा एक तथा प्रदेशसभामा तीन वटा प्रदेशमा एक/एक जना स्वतन्त्र उम्मेदवार विजयी भएका थिए । प्रदेश नं १, मधेस र गण्डकीमा एक/एक जना स्वतन्त्र उम्मेदवारले जित हासिल गरेका थिए।

लोकतान्त्रिक मुलुकमा राजनीतिक दल नै निर्णायक शक्ति भए पनि मुलुकको निर्वाचनको इतिहासमा स्वतन्त्र उम्मेदवारको उपस्थित पनि निरन्तर रहेको देखिएको छ। मुलुकमा प्रजातन्त्रको पुनःबहालीपछि आमनिर्वाचन २०४८ देखि हालसम्मका निर्वाचनमा पनि स्वतन्त्र उम्मेदवारको उपस्थिति रहँदै आएको देखिएको छ । विसं २०४८ को आवधिक निर्वाचनमा २१९ स्वतन्त्रसहित २० राजनीतिक दलका एक हजार तीन सय ४५ उम्मेदवार प्रतिस्पर्धामा थिए। उक्त निर्वाचनमा तीन स्वतन्त्रसहित दुई सय पाँच जना विजयी भएका थिए।

सो निर्वाचनमा नेपाली कांग्रेस एक सय १०, नेपाल कम्युनिस्ट पार्टी (एमाले) ६९, संयुक्त जनमोर्चा नौ, नेपाल सद्भावना पार्टी छ, राष्ट्रिय प्रजातन्त्र पार्टी (चन्द) तीन, नेपाल मजदुर किसान पार्टी दुई, नेपाल कम्युनिस्ट पार्टी (प्रजातान्त्रिक) दुई, राष्ट्रिय प्रजातन्त्र पार्टी (थापा) एक र तीन स्वतन्त्र उम्मेदवार विजयी भएको निर्वाचन आयोगको अभिलेखमा देखिन्छ।

विसं २०५१ को मध्यावधि निर्वाचनमा २४ राजनीतिक दलका तर्फबाट एक हजार ५७ र स्वतन्त्र तीन सय ८५ उम्मेदवार थिए । तीमध्ये राजनीतिक दलका तर्फबाट एक सय ९८ र स्वतन्त्र सात जना निर्वाचित भएका थिए।

उक्त निर्वाचनमा एमाले ८८, कांग्रेस ८३, राष्ट्रिय प्रजातन्त्र पार्टी २०, नेपाल मजदुर किसान पार्टी चार, नेपाल सद्भावना पार्टी तीन र सात स्वतन्त्र उम्मेदवारले विजय हासिल गरेका थिए। विसं २०५६ मा सम्पन्न प्रतिनिधिसभा सदस्य निर्वाचनमा ४० राजनीतिक दलका तर्फबाट एक हजार छ सय पाँच र स्वतन्त्र छ सय ३३ उम्मेदवार चुनावी प्रतिस्पर्धामा थिए। उक्त निर्वाचनमा भने कुनै पनि स्वतन्त्र उम्मेदवार विजयी भएनन् । २०५ सदस्यीय प्रतिनिधिसभाका सबै सदस्य राजनीतिक दलका तर्फबाट निर्वाचित भएका थिए।

उक्त निर्वाचनमा कांग्रेस एक सय ११, एमाले ७१, राप्रपा ११, नेपाल सद्भावना पार्टी पाँच, राष्ट्रिय जनमोर्चा पाँच, संयुक्त जनमोर्चा एक, र नेपाल मजदुर किसान पार्टीले एक स्थान जितेको थियो।

विसं २०६४ को संविधानसभा सदस्य निर्वाचनका लागि ७४ राजनीतिक दल दर्ता भएका थिए । तीमध्ये प्रत्यक्षतर्फ ५४ दलका तीन हजार एक सय ३० उम्मेदवारले भाग लिएका थिए। सो निर्वाचनमा प्रत्यक्षतर्फ नेकपा (माओवादी) १२०, कांग्रेस ३७, एमाले ३३, मधेसी जनअधिकार फोरम नेपाल ३०, तराई मधेस लोकतान्त्रिक पार्टी नौ, सदभावना पार्टी चार, जनमोर्चा नेपाल दुई, नेपाल मजदुर किसान पार्टी दुई, राष्ट्रिय जनमोर्चा एक र स्वतन्त्र उम्मेदवार दुई स्थानमा विजयी भएका थिए।

विसं २०७० को दोस्रो संविधानसभामा प्रत्यक्षतर्फ कांग्रेस एक सय पाँच, एमाले ९१, एकीकृत नेकपा (माओवादी) २६, राष्ट्रिय प्रजातन्त्र पार्टी तीन, मधेसी जनअधिकार फोरम नेपाल (लोकतान्त्रिक) चार, मधेसी जनअधिकार फोरम नेपाल दुई, तराई-मधेस लोकतान्त्रिक पार्टी चार, सद्भावना पार्टी एक, नेपाल मजदुर किसान पार्टी एक, तराई-मधेस सद्भावना पार्टी नेपाल एक र स्वतन्त्र उम्मेदवार दुई स्थानमा विजयी भएका थिए ।रासस

# चुनावमा धाँधली भयो, पुनः मतदान हुनुपर्छ : खनाल

झापा । पूर्वप्रधानमन्त्री एवं नेकपा (एकीकृत समाजवादी)का सम्मानित नेता झलनाथ खनालले चुनावमा धाँधली भएको आरोप लगाउनुभएको छ। इलाम क्षेत्र नं १ बाट वाम-लोकतान्त्रिक गठबन्धनका साझा उम्मेदवार खनालले चुनावमा धाँधली भएकाले पुनः मतदान हुनुपर्ने बताउनुभयो।

शनिवार पत्रकारसँग कुरा गर्दै उहाँले भन्नुभयो, "सरासर धाँधली भएको छ। दुई हजार चार सय २४ मत खसेको मुचुल्का छ। यिनै बाकसमा गन्दा दुई हजार छ सय ९० मतपत्र फेला परेको छ। दुई सय ६६ मतपत्र बढी भेटियो।' उहाँले निर्वाचन ऐनअन्तर्गत त्यो कागजले मान्यता नपाउने जनाउनुभएको छ। पूर्व प्रम खनालले भन्नुभयो, "कसले छिरायो त्यहाँभित्र मुचुल्का कागज सही हो कि होइन ? निर्वाचन ऐनअन्तर्गत त्यो कागजले मान्यता पाउँदैन।'

हालसम्मको गणनाअनुसार इलाम-१ मा नेकपा (एमाले) का महेश बस्नेतले दुई हजार चार सय ५५ मतान्तरले अग्रता लिइरहनुभएको छ। खनालले १६ हजार ८७ मत प्रप्त गर्दा बस्नेतले १८ हजार पाँच सय ४२ मत पाउनुभएको छ। क्षेत्र नं १ मा ५९ हजार नौ सय छ मध्ये १७ हजार दुई सय ५९ मत गणना हुन बाँकी छ। तर खनालले पुनः मतदानको माग गर्नुभएको छ ।रासस


## गणेशमान चारनाथ नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
## बिरेन्द्रबजार, धनुषा, मधेश प्रदेश
## बोलपत्र स्वीकृतिको सूचना

प्रकाशित मिति: २०७९।०८।११

यस कार्यालयबाट राष्ट्रिय दैनिक जनकपुर टुडे पत्रिकामा मिति २०७९।०६।३१ मा प्रकाशित निम्न निर्माण तथा खरिद कार्यहरुको बोलपत्र आव्हानको सूचना अनुसार म्याद भित्र दर्ता हुन आएका बोलपत्रहरु मध्ये तपसिलमा उल्लेख भएका बोलपत्रहरु न्यूनतम मूल्याङ्कित सारभूत रुपमा प्रभावग्राही भई स्वीकृतिका लागि छनौट भएको हुँदा सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७ (२) रदफा ४७ को प्रयोजनार्थ सम्बन्धित बोलपत्रदाताहरुको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

तपसिल

| क्र. सं. | बोलपत्र नं. | कामको विवरण | छनौट भएको बोलपत्र दाताको नाम | कबोल रकम (मू.अ.क.बाहेक) |
|---|---|---|---|---|
| 1 | GCM/NCB/ Works/03/2079-80 | Construction Of Shree Ma. Bi. Bharatpur Building, GCM-3 | Bir Bir Ganesh Construction, Kamalamai-6 | 10010228.72 |
| 2 | GCM/NCB/ Works/05/2079-80 | Construction of Ward Office building, GCM-2 | Janaki Nirman Sewa, Labtoli-6 | 5397483.44 |
| 3 | GCM/NCB/ Works/06/2079-80 | Construction of Ward Office building, GCM-5 | Riyansh Construction, Janakpur-9 | 4989916.55 |
| 4 | GCM/NCB/ Works/07/2079-80 | Construction of Ward Office building, GCM-6 | Omi Nirman & Suppliers Sewa, Koteshwor-32 | 4705603.91 |
| 5 | GCM/NCB/ Works/08/2079-80 | Construction of Ward Office building, GCM-7 | Omi Nirman & Suppliers Sewa, Koteshwor-32 | 4678599.27 |
| 6 | GCM/NCB/ Works/09/2079-80 | Construction of Ward Office building, GCM-8 | Janaki Nirman Sewa, Labtoli-6 | 5182843.44 |
| 7 | GCM/NCB/ Works/10/2079-80 | Construction of Ward Office building, GCM-9 | Stirrups Builders Pvt. Ltd., Bharatpur | 5564766.52 |
| 8 | GCM/NCB/ Works/11/2079-80 | Procurement Of Installation of Tower Light in different ward of Ganeshman Charnath Municipality | JB Enterprises, Janakpur-1 | 53650.00 |
| 9 | GCM/NCB/ Works/12/2079-80 | Construction of Asphalt road from house of Tilak Gautam to School and from house of Tilak Gautam to Radha Krishna Temple, GCM-6 | Maruti Construction, Mithila na.pa-6 | 4095264.53 |

प्रमुख प्रशासकीय अधिकृत

# इटालियन टापुमा पहिरोमा परी आठ जनाको मृत्यु



**एएफपी**

रोम । इटालीको इस्चिया टापुमा भारी वर्षाका कारण गएको पहिरोमा परी शनिबार कम्तीमा आठ जनाको मृत्यु भएको छ ।

"इस्चियामा पहिरोमा परी आठ जनाको मृत्यु भएको पुष्टि भएको छ,'पूर्वाधार मन्त्री तथा उपप्रधानमन्त्री माटियो साल्भिनीले भन्नुभयो । यसअघि समाचारमा १३ जना हराइरहेको जानकारी प्राप्त भए पनि आधिकारिक पुष्टि भने भएको छैन ।

सानो शहर कासामिसिओला टर्मेमा बिहान सबेरै हिलोको छालले कम्तीमा एउटा घर पुरेको र केही सवारी साधनलाई बगाएर समुद्रसम्म पुऱ्याएको स्थानीय सञ्चार माध्यमले जनाएका छन् ।

एएनएसए समाचार संस्थाका अनुसार मृतकमध्ये एक नवजात शिशु पनि रहेको पुष्टि भएको छ । एउटा घर हिलोले पुरिएको र समुद्रमा पुगेको कारबाट दुई जनाको उद्धार गरिएको दमकल सेवाले जनाएको छ ।

थप उद्धारका नजिकैको प्रमुख शहर नेपल्सबाट सहयोग पठाइए पनि मौसमका कारण टापुमा पुग्न कठिन भएको बताइएको छ । नागरिक सुरक्षा विभागले ट्वीटरमा भनेको छ, "हराइरहेकाको खोजी, उद्धार र जोखिममा परेका मानिसहरुलाई सहयोग गर्ने कार्य जारी छ । मौसमका कारण उद्धार कार्यमा कठिनाई भएको छ ।'

स्थानीय अधिकारीहरूले इस्चियाका बासिन्दाहरूलाई उद्धार कार्यमा बाधा नपुगोस् भनेर घरभित्रै बस्न आग्रह गरेका छन् ।

# 'पाँच लाख सुडानीलाई थप सहायता आवश्यक'

**एपी**

जुबा । संयुक्त राष्ट्रसङ्घले दक्षिण सुडानमा आगामी वर्ष थप पाँच लाख नागरिकलाई मानवीय एवम् सुरक्षा सेवा आवश्यक पर्ने बताएको छ ।

दक्षिण सुडानको मानवीय आवश्यकतासम्बन्धी राष्ट्रसङ्घले शुक्रबार सार्वजनिक गरेको प्रतिवेदनमा एक करोड २४ लाख जनसङ्ख्या रहेको सुडानका एक तिहाइ नागरिकले गम्भीर खाद्य असुरक्षा सामना गरिरहेका जनाइएको छ । प्रतिवेदनमा हिंसा र द्वन्द्वले देशको मानवीय अवस्था बिग्रिएको देखाइएको छ ।

स्वास्थ्य चुनौती, खडेरी, जलवायु परिवर्तनका असरका कारण सुडानीलाई मानवीय सहयोग अपरिहार्य भएकोमा प्रतिवेदनले जोड दिएको छ । अपर नाइल र इक्वेटोरिया राज्यमा सर्वाधिक सहायता आवश्यक परेको छ ।

मानवीय सहायताको आवश्यकतालाई घटाउन देशमा शान्ति सुव्यवस्थाका साथै विकासलाई केन्द्रीय प्राथमिकतामा राख्न सरकारलाइ आग्रह गर्दै प्रतिवेदनमा सन् २०१८ मा भएको शान्ति सम्झौतालाई जोखिममा पार्ने कुनै किसिमका गतिविधि हुन नहुनेमा जोड दिइएको छ । हिंसाले समस्याको समाधान नहुने भएकाले सम्बद्ध पक्षलाई शान्तिको मार्ग अपनाउन उक्त विश्वसंस्थाले अपील पनि गरेको छ ।

# बिजापुरमा चार जना माओवादी मारिए

**एएनआई**

बिजापुर (छत्तीसगढ) । बिजापुरको वन क्षेत्रमा शनिबार बिहान सुरक्षाकर्मीसँग भएको झडपमा चार जना माओवादी मारिएका छन् । पोम्रा वन क्षेत्रमा करिब ४० जना माओवादी रहेका सूचना पाएपछि त्यहाँ पुगेको सुरक्षा फौजले कारबाही गर्दा दुई महिलासहित चार जना मारिएका मिरटुर प्रहरी कार्यालयले जनाएको छ ।

सुरक्षा फौजले कारबाही गरेको स्थानबाट हातहतियार बरामद गरिएका तथा खोजबिन जारी रहेको एक जना वरिष्ठ सुरक्षा अधिकारीले बताएका छन् । केही महिनाअघि माओवादीले बिजापुर प्रहरी कार्यालयमा हमला गरेर चार जना प्रहरीलाई घाइते बनाएका थिए ।

# अर्को वर्ष विद्युत कटौती अन्त्य गर्ने श्रीलङ्काको योजना



**सिन्ह्वा**

कोलम्बो । श्रीलङ्काका ऊर्जामन्त्री कञ्चना विजेसेकेराले शनिबार पत्रकारहरूलाई आगामी जनवरीसम्ममा निर्बाध विद्युत आपूर्ति सुनिश्चित गर्न सबै सम्भावित उपायहरू अपनाउने बताउनुभएको छ ।

श्रीलङ्काले फेब्रुअरी २०२२ देखि दैनिक बिजुली कटौतीको सामना गरिरहेको छ । कुनै बेला दैनिक १३ घण्टासम्मको बिजुली कटौती भएको थियो । जुन अहिले दिनको लगभग दुई घण्टामा घटेको छ ।

मन्त्रीका अनुसार सरकारले पछिल्ला केही महिनामा विद्युत् कटौतीलाई ठूलो मात्रामा कम गर्न कदम चालेका छन् । हरेक वर्ष माघ र असार महिनामा विद्युत महसुल परिमार्जन गर्नु उपयुक्त हुने भन्दै उहाँले विद्युत महसुल परिमार्जन नगरी त्यसो गर्न नसकिने बताउँनु भएको छ ।

मन्त्रीका अनुसार उनीहरूले सन् २०२३ मा नवीकरणीय ऊर्जालाई बढावा दिने योजना पनि बनाएका छन् र यो श्रीलङ्काका लागि ऊर्जाको उत्तम स्रोत पनि हो ।

# ब्राजिलको विद्यालयमा गोली चल्दा तीन जनाको मृत्यु, ११ जना घाइते

**एएनआई**

ब्राजिलिया । ब्राजिलको एस्पिरिटो सान्तो राज्यको दुईवटा विद्यालयमा शुक्रबार एक बन्दुकधारीले गोली चलाउँदा कम्तीमा तीन जनाको मृत्यु भएको छ भने ११ जना गम्भीर घाइते भएको सीएनएनले ब्राजिलका अधिकारीहरूलाई उद्धृत गर्दै उल्लेख गरेको छ ।

ब्राजिलमा विद्यालयमा गोली चलाउने बन्दुकधारीले सेमी अटोमेटिक हतियार बोकेको क्यामेरा फुटेजमा देखिएको छ। अनुहार छोपेको सो व्यक्तिले सेनाको पोशाक लगाएको देखिएको छ । यद्यपि गोली प्रहार गर्ने व्यक्ति १६ वर्षीय भएको आशङ्का गरिएको छ । सीएनएनका अनुसार उक्त राज्यको राजधानी भिटोरियाबाट ५० माईल उत्तरमा रहेको सानो शहर अराक्रुजमा सो आक्रमण भएको थियो । एस्पिरिटो सान्तोका गभर्नर रेनाटो कासाग्रान्डेले शुक्रबार ट्वीटमा गर्दै, "सुरक्षा टोलीले आक्रमणकारीलाई पक्राउ गरेको छ ।

जसले कायरतापूर्वक अराक्रुजका दुई विद्यालयमा आक्रमण गरेको थियो। मैले अपूरणीय क्षतिको लागि शोकको रूपमा तीन दिनको आधिकारिक शोक घोषणा गरेको छु। हामी घटनाको कारणबारे अनुसन्धान जारी राख्नेछौं र चाँडै नै निष्कर्षमा पुग्नेछौं ।"

# विश्वकपमा म्याराडोनाको अनुपस्थिति मेसी र अर्जेन्टिनाका लागि 'नौलो' अनुभव



**एपी**

दोहा । फुटबलको सबैभन्दा ठूलो मञ्च विश्वकप फुटबलमा सन् १९७८ को विश्वकपपछि पहिलो पटक अर्जेन्टिना डिएगो म्याराडोना बिना मैदान उत्रेको छ ।

दक्षिण अमेरिकी टोली अर्जेन्टिनाले विश्वकपको प्रतिस्पर्धामा चट्टानी सुरुआतको अपेक्षा प्रशंसकबाट गरिएपनि यो अपेक्षा साउदी अरबसँगको पहिलो खेलमा साकार बन्न सकेन । यो बर्ष अर्जेन्टिना र खास गरी यसका कप्तान लियोनल मेस्सीले म्यारोडोनाको अभावको चर्चा गर्नेछन् । किनकी म्यारोडोनाको दुई बर्ष पहिले यही समय मृत्यु भएको थियो ।

मेस्सीले विश्वकप उपाधि उचालेको म्यारोडोनाले देख्न चाहन्थे तर यो त सम्भव भएन तर यदि अर्जेन्टिनाले शनिबार हुने मेक्सिकोविरूद्धको खेल हारेमा अर्जेन्टिनाका लागि यो बर्षको विश्वकप यात्रा लगभग अन्त्य हुनेछ ।

म्याराडोनाको ६० वर्षको उमेरमा २५ नोभेम्बर २०२० मा निधन भएको थियो । मस्तिष्कको शल्यक्रियापछि आफ्नो घरमा अस्पतालको रेखदेखमा रहँदा उनको मृत्यु भएको थियो र न्यायिक अधिकारीहरूले चिकित्सकीय लापरबाहीमा संलग्न भए नभएको अनुसन्धान जारी राखेका छन् ।

म्याराडोनाको मृत्युको दोस्रो बार्षिकीका अवसरमा शुक्रबार अर्जेन्टिनाले र फिफा दुवैले कतारमा एउटा संयुक्त कार्यक्रम गरी फुटबलका जादुमयी विश्वप्रसिद्ध स्टारको सम्झना गरेका छन् ।

कार्यक्रममा बोल्दै अर्जेन्टिनाका प्रशिक्षक लियोनल स्कालोनीले म्याराडोनाको निधनको दिन 'सबैका लागि निकै दुःखद दिन' भएको बताएका छन् । "यदि म्याराडोनाले हामीलाई आकाश (स्वर्ग)बाट हेरिरहेका छन् भने भोलि हामी केही खुसी ल्याउने आशा गर्नेछौं,' शनिबार मेक्सिकोविरुद्धको निर्णायक खेलअघि स्कालोनीले भने । यो हाम्रो लागि सबैभन्दा महत्वपूर्ण कुरा हो । हरेक पटक जब हामी उहाँका तस्बीरहरू देख्छौं, यो अविश्वसनीय छ कि उहाँ यहाँ हामीसँग हुनुहुन्न । म्याराडोनाबिना पनि अर्जेन्टिनाका लागि यो अनौठो विश्वकप भएको छ । अर्जेन्टिनी टोलीका क्याप्टेन लियोनल मेसीले विश्वकपमा आफ्नो अन्तिम उपस्थिति हुनसक्ने बताएका छन् र टोलीको प्रतियोगिताको सबैभन्दा निराश क्षण साउदी अरबसँग २-१ ले पराजित भएपछि बनेको छ ।

सन् १९८२ देखि हरेक विश्वकपमा अर्जेन्टिनाका लागि खेलाडी, प्रशिक्षक र अग्रज राजनेताका रुपमा म्याराडोनाको उपस्थिति रहँदै आएको थियो । सन् २०२२ को विश्वकपको समयमा अर्जेन्टिना, कतार र बाँकी विश्वभर म्याराडोनाप्रति श्रद्धाञ्जली अर्पण गरिएको छ । फिफाका अध्यक्ष जियानी इन्फान्टिनोले दक्षिण अमेरिकी फुटबल महासङ्घ कोन्मेबोलले कतारमा आयोजना गरेको एक कार्यक्रममा म्याराडोनाको वास्तविक कदको शालिक अनावरण गर्दै भने, "डिएगो अमर छन्, उनी अझै पनि हामीसँग छन् । उनले भने, "यो मानिसले मानिसहरूलाई यो खेलको प्रेममा पार्न के गरेको छ, सायद अरू कसैले पनि गर्न सकेका छैनन् ।

इन्फान्टिनोले भने, "हरेक विश्वकपमा म्याराडोनाको उत्सव मनाउने दिन हुनेछ । इन्फान्टिनोले भने, "डिएगोको अद्वितीय ईमानदारी र करिश्माको बारेमा सबैलाई थाहा छ । उनी अर्जेन्टिना, दक्षिण अमेरिका र विश्वका महान् नेता थिए । हामीले उहाँलाई सम्मान दिइरहनुपर्छ ।

कतारमा भएको उक्त कार्यक्रममा म्याराडोनाका अर्जेन्टिनाका केही पूर्व सहकर्मी पनि सहभागी थिए । अर्जेन्टिनाका प्रशंसकहरूले उनको सम्मानमा शुक्रबार दोहामा भेला हुने योजना बनाएका थिए । ब्यूनस आयर्समा म्याराडोनाले राष्ट्रिय टोलीको जर्सी लगाएको र दाहिने हातमा मुठ्ठी कसेर टिमको जितका लागि 'हुटिङण्ढ्ङड गरेको विशाल भित्तेचित्रले म्यारोडोनाको अनुपस्थितिमा राष्ट्रिय टोलीलाई जीतका लागि प्रोत्साहित गरेको छ । हालै सार्वजनिक १४८ फिट अग्लो र १३१ फिट चौडा (४५ मिटर बाइ ४० मिटर) उचाईमा रहेको यो कलाकृति अर्जेन्टिनाको राजधानीमा रहेको १४ तले भवनको छेउमा बनाइएको छ । समूह चरणको पहिलो खेलमा मेसी र अर्जेन्टिनालाई साउदी अरबले स्तब्ध पारेको स्थानभन्दा कैयौं किलोमिटर टाढा दोहामा म्याराडोनाको तस्बीर सहितको अर्को भित्तेचित्र राखिएको छ । पाँचौं पटक विश्वकप खेलिरहेका मेसीले कतारमा हुने प्रतियोगिताअघि फिफालाई भनेका थिए, "म्याराडोनालाई ट्रिब्यूनमा नदेख्नु र उनी देखा पर्दा मानिसहरू उत्तेजित हुनु अनौठो र फरक कुरा हो । उनले म्याराडोना जहिले पनि कहीं न कहीं उपस्थित हुने विश्वास व्यक्त गरेका छन् ।' म्याराडोनाले सन् १९८२ देखि १९९४ सम्म चार पटक विश्वकप खेलेका थिए भने सन् २०१० मा राष्ट्रिय टोलीको प्रशिक्षक बनेका थिए । सन् १९८६ मा इङ्गल्यान्डविरुद्ध 'ह्यान्ड अफ गड' गोलदेखि लिएर डोपिङ परीक्षणमा असफल भएपछि सन् १९९४ मा उनलाई प्रतियोगिताबाट निष्कासित गरिएका क्षणको चर्चा विश्वभर हुने गरेको छ । सन् १९८६ मा इङ्ल्यान्डविरुद्धको क्वार्टरफाइनलमा उनले गरेको गोल प्रतियोगिताको इतिहासमा सबैभन्दा महत्वपूर्ण र सबैभन्दा विवादास्पद गोलमध्ये एक बनेको थियो । म्याराडोनाले सन् १९८६ मा अर्जेन्टिनालाई विश्वकप उपाधि दिलाएका थिए । सोही खेलमा उनले अर्जेन्टिनाको आफ्नै मैदानमा गरेको गोल विश्वकपको सर्वश्रेष्ठ गोलमध्ये एक पनि भएको बताउने गरिएको छ । सन् २०२२ को विश्वकप सुरु हुनुभन्दा केही समयअघि म्याराडोनाले सन् १९८६ मा मेक्सिको सिटीको एज्टेका स्टेडियममा अर्जेन्टिनाले जर्मनीलाई ३-२ ले हराएपछि म्याराडोनासँग सोटेको जर्सी जर्मनीका प्रसिद्ध खेलाडी लोथर हरबर्ट माथेउसले अर्जेन्टिनालाई उपहारका रूपमा फिताए गरिएको छ । यसले अर्जेन्टिनालाई विश्वकप उपाधि जित्नका लागि थप महत्वाकाङ्क्षी बनाएको छ । मायथेसले कप्तानको रूपमा पश्चिम जर्मनीलाई सन् १९९० मा फिफा विश्वकप र यूरोपेली बर्ष खेलाडीको गरिमामय उपाधि दिलाएका थिए ।

सन् २०१० मा दक्षिण अफ्रिकामा अर्जेन्टिनाको प्रशिक्षकको रूपमा म्याराडोनाले राष्ट्रिय टोलीलाई क्वार्टरफाइनलसम्म पुऱ्याएका थिए ।

नाइजेरियामाथि २-१ को जित हात पारेपछि सेन्ट पिटर्सबर्गको रङ्गशालामा मेसीले एक गोल गरेपछि म्याराडोना खुसीले विक्षिप्त बनी ढलेको आठ वर्षपछि मेसीले जादुमयी प्रदर्शन गर्ने र अर्जेन्टिनालाई उपाधि जिताउने जिम्मेवारी आएको छ ।

# अस्ट्रेलियाले ट्युनिसियालाई हरायो

काठमाण्डु । कतारमा जारी विश्वकप फुटबलअन्तर्गत समूह 'डी' मा रहेको अस्ट्रेलियाले ट्युनिसियालाई पराजित गरेको छ । कतारको अल जानौब रङ्गशालामा शनिवार भएको खेलमा अस्ट्रेलियाले ट्युनिसियालाई १-० गोलअन्तरले पराजित गर्दै विजयी भएको हो । अस्ट्रेलियाको लागि मिचेल डुकले गोल गरे । खेलको २३औँ मिनेटमा मिचेल डुकले गरेको एक गोल नै अस्ट्रेलियाको लागि निर्णायक गोल सबित भयो ।

यस जितसँगै अस्ट्रेलियाले ३ अङ्क जोडेको छ । अस्ट्रेलियाले पहिलो खेलमा फ्रान्ससँग पराजित भएको हो । यता पराजित ट्युनिसिया पहिलो खेलमा डेनमार्कसँग बराबरी खेल्दै १ अङ्क जोडेको थियो ।रासस

## विश्वकप पूर्वावलोकन

# आइतबारको खेलमा जीत निकाल्न जर्मनीलाई कडा मेहनत गर्नुपर्ने



**सिन्ह्वा**

दोहा । स्पेनले आइतबार जर्मनीको सामना गर्दैछ । स्पेनले आफ्नो पहिलो खेलपछि आफ्नो यात्रा सुनिश्चित गर्ने प्रयास गरिरहेको छ, जबकि जर्मनीले जापानसँग पहिलो दिनको हारपछि पुन :आगमन गर्न आवश्यक छ । अन्यथा उनीहरू घर फर्कनेछन् । जर्मनीको जापानी टोलीसँगको हारले उनीहरूलाई लगातार दोस्रो विश्व कपको लागि पहिलो उडान समात्ने सम्भावनाको ढोका खोलेको छ ।

इल्के गुन्डोगान र म्यानुअल नुएर जस्ता खेलाडीहरू खेलपछि ड्रेसिंग रूममा हारको बारेमा आफ्नो राय दिन हिचकिचाएनन् । स्ट्राइकर काई हाभर्ट्जले एक पत्रकार सम्मेलनमा हारपछि आफुलाई आक्रोशित बनाएको बताएका छन् । स्पेनले कोस्टारिकालाई ७-० गोलअन्तरले पराजित गर्दै विश्वकपमा आफ्नो सुरुवात गरेको हो । रोड्रिगो हर्नान्डेजले सेन्ट्रल डिफेन्समा निरन्तरता दिने क्रममा स्पेनका प्रशिक्षक लुइस एनरिकेले त्यही टोलीलाई कायम राख्ने छन्, तर कहिलेकाहीं उनको टोली चयनको भविष्यवाणी गर्न गाह्रो हुन्छ । अल्भारो मोराटाले मार्को एसेन्सियोको लागि आक्रमण सुरु गर्नु वा पाउ टोरेस पनि केन्द्रीय डिफेन्समा आउनु कुनै आश्चर्यको कुरा होइन ।

स्पेनका लागि कोस्टारिकाविरुद्ध गोलको खाता खोलेका डानी ओल्मोआफ्नो टोलीले जर्मनीलाई हराउन सक्नेमा आशावादी छन् ।

"हामी कोस्टारिकाविरुद्ध जस्तै खेलको सशक्त सामना गर्नेछौं,' ओल्मोले भने, "जमाल मुसियाला सबैभन्दा ठूलो खतरा हो । उनी उत्कृष्ट फर्ममा छन् र उनको आत्मविश्वास उच्च छ र उनले खेल स्पेन-जर्मनीबीचको खेलमा नाटकीय जीत निकाल्नेमा थप जिम्मेवारी लिइरहेका छन् ।



# Loharpatti Municipality

## Office of Municipal Executive

### Loharpatti, Mahottari

## INVITATION FOR BID (IFB)

**Date of Publication:- 2079/08/11 B.S. (27 NOV. 2022 AD)**

1. Office of the Municipal executive Loharpatti, Mahottari invites following bid and sealed quotation from eligible national bidders.
2. The details of the project is as following.

| Contract No. ID | Description of works | Estimated Amount | Bid Security Amount (NRS) | Bid document Fee (NRS) | Bid Validity/ Bid Bond Validity period | Last date of bid doc. Purchase | Last date of bid Submission | Bid Opening Date and Place |
|---|---|---|---|---|---|---|---|---|
| 02/Goods/ LM/079/080 | Supply and dellvery of Wheat seeds | 19,99,950 | NRs 55,000 | NRs. 1000.00 | 45 days/ 75 days after last date of bid submission | Upto 2079/08/25, during office hours | 2079/08/26, 12:00PM (Noon) | 2079/08/26, 02:00 PM |

3. **Information to deposit the cost of bidding document in Banks:**
   **Name of the Bank:** NIC Asia Bank **Name of Office:** Loharpatti Municipality
   **Office Cide No.:** 801021810 **Office Account No.:** 1362050028753002
4. **Information to deposit the cost Bid Security in Banks:**
   **Name of the Bank:** NIC Asia Bank **Name of Office:** Loharpatti Municipality
   **Office Code No.:** 801021810 **Office Account No.:** D6CA000929952403
5. Eligible Bidders may contact Office of the Municipal executive Loharpatti, Mahottari at 9854031520 for obtain further information about bid.

**Chief administrative Officer**



सयपत्री फूलको माला बेच्दै बेलकोटका साइला मगराती। निर्वाचनको परिणाम घोषणासँगै पछिल्लो दिनमा मालाको विक्री बढेको उहाँ बताउनुहुन्छ।। *तस्बिरः रासस*

# एनसेलले थाल्यो ई–सिम वितरण

**टुडे समाचारदाता**

काठमाण्डु । एनसेलका ग्राहकहरुले अब आफ्नो सिम ई-सिममा अपग्रेड गर्नसक्ने भएका छन्। एनसेल आजियाटा लिमिटेडले शुक्रबार (मंसिर ९) देखि आफ्ना ग्राहकहरुलाई ई-सिम वितरण गर्न थालेको घोषणा गरेको हो।

यससँगै ग्राहकले ई-सिम चल्ने मोबाइलमा ई-सिमको प्रयोग मार्फत फाइदा लिन सक्छन्। ई-सिम अर्थात् इम्बेडेड सिम हाल प्रयोग भईरहेको भौतिक सिमको सट्टामा प्रयोग गर्न मिल्ने डिजिटल सिम हो । यो सिम ई-सिम सपोर्ट गर्ने मोबाइल वा उपकरणभित्र सानो चिपमा हुन्छ र यसबाटै दूरसञ्चार सेवा लिन सकिन्छ।




यो भौतिक रुपमा प्रयोग हुने सिमभन्दा सुरक्षित मानिन्छ र केही गरी आफ्नो मोबाइल हराएमा वा चोरी भएमा पनि ई-सिम सो मोबाइलबाट झिक्न वा हटाउन मिल्दैन। एनसेलका ग्राहकहरूले एसएमएसमार्फत अनुरोध पठाई सजिलै आफ्नो हाल प्रयोग भइरहेको सिम ई-सिममा अपग्रेड गर्न सक्छन्।

यसका लागि ग्राहकले आफ्नो नागरिकता नम्बर, इमेल ठेगाना टाइप गरी १७१२५ मा एसएमएस पठाउनुपर्दछ।

ई-सिम सुचारु गर्नुपहिला ग्राहकले एनसेलको प्रतिनिधिबाट ग्राहक पहिचानका लागि कल प्राप्त गर्दछन् । यो एसएमएस पठाउन र सिम अपग्रेड गर्नका लागि कुनै शुल्क लाग्ने छैन ।

ग्राहकले आफूलाई पायक पर्ने नजिकैको एनसेल सेन्टरबाट पनि आफ्नो सिम ई-सिममा अपग्रेड गर्न सक्छन्। नयाँ ग्राहकहरुले पनि कुनै पनि एनसेल सेन्टरबाट आफूले चाहेको स्टार्टर प्याकका साथ आवश्यक प्रक्रिया पुरा गरि ई-सिम लिन सक्छन् । ई-सिम सुविधा लिनका लागि, ग्राहकहरूका साथमा ई-सिम सपोर्ट गर्ने मोबाइल हुन आवश्यक हुन्छ ।

ग्राहकहरूले आफ्नो मोबाइल ई-सिम चल्ने/नचल्ने थाहा पाउन एस्ट्रिक्सह्यास ०६ ह्यास डालय गर्न सक्छन् । यदि इम्बेडेड आईडेन्टिटी डकुमेन्ट (ईआईडी) सहितको विवरण ग्राहकको डिस्प्लेमा आएमा त्यस्तो मोबाइलमा ई-सिम चल्छ। ग्राहकलाई सेवा प्रदान गर्ने नयाँ प्रविधि र सेवाहरू उपलब्ध गराउने आफ्नो प्रतिबद्धताअनुरूप चल्ने सुविधा सञ्चालनमा ल्याउन पाउँदा कम्पनी खुसी रहेको एनसेलले बताएको छ ।

उपभोक्ता र व्यवसाय दुवै माझ कनेक्टेड डिभाइसहरुको प्रयोग बढ्ने क्रममा रहेकाले ई-सिमले सूचना तथा सञ्चार प्रविधिको विकासमा महत्त्वपूर्ण भूमिका खेल्ने विश्वास कम्पनीले लिएको छ। आइफोनका पछिल्ला मोडलहरु जस्तै आइफोन एक्सएस सिरिज, आइफोन ११ सिरिज, आइफोन १२ सिरिज, आइफोन १३ सिरिज र आइफोन १४ सिरिजमा ई-सिमको सुविधा रहेको छ।

त्यसैगरी सामसङको ग्यालेक्सी एर१ सिरिज, ग्यालेक्सी एर२ सिरिज, ग्यालेक्सी जेड फ्लिप सिरिज र गुगलको पिक्सल ४ सिरिज, पिक्सल ५ सिरिज र पिक्सल ६ सिरिजमा पनि ई-सिमको चल्ने सुविधा रहेको हुन्छ। ब्रान्ड र मोबाइलका मोडलहरुका आधारमा विभिन्न मोबाइलहरुमा एक भन्दा बढि ई-सिम नम्बर दर्ता गर्न सकिने सुविधा पनि रहेको हुन्छ।

यद्यपि एक पटकमा एक मात्र नम्बर सक्रिय रहन्छ । ई-सिमले सूचना तथा सञ्चार प्रविधि तथा इन्टरनेट अफ थिङ्गस्मा पनि ठूलो महत्व राख्दछ। विकसित देशहरुमा यो कार, घरायसी सामानहरु र औद्योगिक क्षेत्रका मसिनहरुमा पनि प्रयोग हुने गरेको छ।

## सिभिल बैंकको छात्रवृत्ति

**टुडे समाचारदाता**

काठमाण्डु। सिभिल बैंक तुलसीपुर शाखाले आफ्नो १२ औं स्थापना दिवसका अवसरमा गरिब तथा जेहेन्दार विद्यार्थीलाई छात्रवृत्ति प्रदान गरेको छ। बैंकका शाखा प्रबन्धक मेघराज पौडेलको नेतृत्वको टोलीले तुलसीपुर उपमहानगरपालिका वडा नं. ११ को अमर माध्यमिक विद्यालय उरहरीमा कक्षा ९ मा अध्यनरत दिक्षा खत्रीलाई छात्रवृत्ति प्रदान गरेको हो।

त्यसक्रममा उनलाई पाँच हजार धनराशिको चेक हस्तान्तरण गरिएको थियो। सामाजिक उत्तरदायित्व अन्तर्गत विद्यालयकी गरिब तथा जेहेन्दार छात्रा खत्रीको पढाइमा सहयोग पुगोस् भन्ने उद्धेश्यले छात्रवृत्ति प्रदान गरिएको बैंकका शाखा प्रबन्धक पौडेलले बताए। हरेक वर्ष सिभिल बैंकको यो शाखाले गरिब तथा जेहेन्दर एक विद्यार्थीलाई छात्रवृत्ति प्रदान गर्दै आएको छ।

## सेन्साईको टिभी खरिदमा नगद छुट

**टुडे समाचारदाता**

काठमाण्डु । जापानमा इन्जिनियरिङ गरिएको नेपाली इलेक्ट्रोनिक्स ब्राण्ड सेन्साईले विश्वकप च्याम्पियन अफर नामक योजना ल्याएको छ । योजनाअन्तर्गत ग्राहकहरुले सेन्साई टेलिभिजनको खरिद गर्दा ३० हजार १०० सम्मको आकर्षक नगद छुट प्राप्त गर्न सकिने कम्पनीले जनाएको छ।




साथसाथै १ भाग्यशाली ग्राहकले बम्पर उपहारअन्तर्गत ६५ इन्चको फोरके वेबओएस टेलिभिजन पनि जित्न सक्नेछन्। ग्राहकले आफूलाई बम्पर उपहारमा सहभागी गराउन सेन्साई टाइप गरी आफ्नो नाम, ठेगाना र खरिद गरिएको सामानको वारेण्टी कार्ड नम्बर लेखी ३१००३ मा एसएमएस गर्नुपर्नेछ। ग्राहकहरुले यो योजना १ मंसिरदेखि सीमित अवधिका लागि नेपालभरी पाउने कम्पनीले जनाएको छ।

नेपालभर सेन्साई ब्राण्डको आधिकारिक विक्रेता चौधरी ग्रुपको सिजी इलेक्ट्रोनिक्सअन्तर्गत सीजी इओएल रहेको छ। सिजी इलेक्ट्रोनिक्सले सम्पूर्ण नेपाली ग्राहकहरुलाई सिजी डिजिटल शोरुम तथा आफ्नो फराकिलो विक्रेता सञ्जाल मार्फत उत्कृष्ट सेवा र अनुभव प्रदान गरिरहेको छ।

कम्पनीका सिजी डिजिटल शोरुमहरु काठमाडौं भित्र टङ्गाल, कुमारीपाटी, बसुन्धरा, जोरपाटी, भक्तपुर राधे राधे, रबिभवन, कीर्तिपुर, हातिगौडा, त्रिपुरेश्वर, नयाँ बजार र काठमाडौं बाहिर इटहरी, हेटौंडा, भरतपुरमा रहेका छन् । कम्पनीले सिजी डिजिटल शोरुमबाट फ्री डेलिभरी, फ्री इन्स्टलेसन एन्ड डेमो, एक्सचेन्ज अफर र शून्य प्रतिशतमा फाइनान्स सुबिधा पनि प्रदान गरिरहेको छ।

## हस्तकला व्यापार मेला मङ्सिर २३ देखि

काठमाण्डु। नेपाल हस्तकला महासङ्घको आयोजनामा १९ औं हस्तकला व्यापार मेला हुने भएको छ।

महासङ्घले पत्रकार सम्मेलन गरी महासङ्घको आयोजना तथा उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय, व्यापार तथा निकासी प्रवर्द्धन केन्द्र र उद्योग वाणिज्य क्षेत्रका विभिन्न सङ्घ, संस्थाको सहयोगमा आगामी यही मङ्सिर २३ देखि २७ गतेसम्म मेला आयोजना हुन लागेको जानकारी दिएको हो।

अध्यक्ष प्रचण्ड शाक्यले ह्यात होटलमा पाँच दिनसम्म हुने मेलामा हस्तकलाका एक सय ५० कक्ष रहने जानकारी दिनुभयो। मेलामा फिलगिरी, थोज्यामाज्या (धातु पत्रकला) र पौभा थाङ्का गरी तीनवटा विधाका कला प्रदर्शनी हुनेछ। नेपाली हस्तकलाको प्रवर्द्धन गर्दै विदेशसम्म पहिचान गराउन मेलाको आयोजना गरिएको हो।रासस

## नगदरहित अर्थतन्त्र आजको आवश्यकता: गभर्नर अधिकारी

**टुडे समाचारदाता**

काठमाण्डु । सिभिल बैंकले देशैभरी विविध १२ कार्यक्रमहरुको आयोजना गरी आफ्नो बाह्रौं वार्षिकोत्सव मनाएको छ । नेपाल राष्ट्र बैंकको नगदरहित कारोवारलाई प्रोत्साहन गर्ने निती अनुरुप यस बैंकले सफा टेम्पूहरुको भाडा क्यू आर कोड मार्फत भुक्तानी गर्ने कार्यको थालनी गरी 'गो क्यासलेस' अभियानलाई निरन्तरता प्रदान गरेको बैंकले जनाएकृ छ।

जसमध्ये जावलाखेलको 'गो क्यासलेस' अभियानको समुद्धाटन समारोह बैंकले आफ्नो वाह्रौं वार्षिकोत्सवको दिनमा र वार्षिकोत्सवको लगत्तै पछि नेपालगंज, धनगढी, महेन्द्रनगर, जानकी र भजनीमा गरी कूल छ स्थानहरुका ट्याम्पुहरुमा क्यू आर कोड मार्फत भाडा भुक्तानीको थालनी गरीने कुरा बैंकले जनाएको छ।

जावलाखेलको 'गो क्यासलेस' अभियानको समुद्धाटन समारोहका प्रमुख अतिथि नेपाल राष्ट्र बैंकका गभर्नर महाप्रसाद अधिकारीले उक्त अभियानको उद्धाटन गरेका थिए। समुद्धाटन समारोहमा बोल्दै उनले नगदरहित अर्थतन्त्र आजको आवश्यकता भएको र यसले सिंगो राष्ट्रलाई समृद्धिको पथमा डोराउने बताए। नोट छपाई गर्दा खर्च हुने तथा विदेशीने मुद्रा बचाउन र सबै नेपालीको बैंक खाता भन्ने अभियानलाई समेत आत्मसात गर्न पनि नगदरहित अभियान अपरीहार्य कुरा भएको नेपाल राष्ट्र बैंक, भुक्तानी प्रणाली विभागका कार्यकारी निर्देशक गुरु प्रसाद पौडेलले बताए।

उक्त समारोहमा प्रमुख अतिथि नेपाल राष्ट्र बैंकका गभर्नर महाप्रसाद अधिकारी, भुक्तानी प्रणाली विभागका कार्यकारी निर्देशक गुरु प्रसाद पौडेल, सिभिल बैंकका अध्यक्ष प्रताप जंग पाण्डे, संचालकहरु अम्बीर बोगटी, प्रकाश तायल, युगेश बहादुर मल्ल, शम्भू प्रसाद पन्त, प्रमुख कार्यकारी अधिकृत सुनिल कुमार पोखरेल, विभिन्न टेम्पू यातायात व्यवसायी संघका प्रतिनिधिहरु, फोन पे का प्रमुख कार्यकारी अधिकृत दिवस सापकोटा तथा टेम्पू व्यवसायीहरु तथा सर्वसाधरणको उपस्थिति थियो ।

अब उक्त क्षेत्रका सफा टेम्पोहरुमा यात्रा गर्नुहुने यात्रीहरुले आफ्नो मोबाईल बैकिङ्ग एप अथवा स्मार्ट वालेट एप मार्फत बिना कुनै झन्झट भुक्तानी गर्न सक्नेछन जस्ले गर्दा खुद्रा पैसाको झन्झटबाट पनि मुक्ती मिल्नेछ।रासस

## औरही नगरपालिका
### औरही, महोत्तरी
### मधेश प्रदेश, नेपाल

## बोलपत्र आव्हान सम्बन्धी सूचना

प्रकाशित मिति : २०७९।०८।११

यस औरही नगरपालिका कार्यालयले तपसिल उल्लेखित कार्यको लागि बोलपत्र आह्वान गर्नुपर्ने भएकोले प्रथम पटक प्रकाशित भएकोमितिले३१ औं दिनको १२:०० बजे भित्र सार्वजनीक खरिद अनुगमन कार्यालय वेबसाइट PPMO website www.bolpatra.gov.np बाट Online Bidding गर्न सम्बन्धित सबैको जानकारीको लागी यो सुचना प्रकाशित गरिएको छ।

तपसील :

| सि. नं. | विवरण | योजनाको नाम | लगत अनुमान (भ्याट र कन्टिजेन्सी सहित) | धरौटी रकम रु. | बोलपत्र दस्तुर रु. (फिर्ता नहुने) |
|---|---|---|---|---|---|
| १. | AM/WORKS/ NCB/079/80-02 | Construction of Building in secondary school Bairiya | 12732545.20 | 320000.00 | 3000.00 |
| २. | AM/GOODS/ NCB/079/80-03 | Supply of Hand Pump and Artesian Tube Well | 8297081.97 | 210000.00 | 3000.00 |
| ३. | AM/GOODS/ NCB/079/80-04 | Purchase of Hume pipe | 2497489.28 | 63000.00 | 3000.00 |
| ४. | AM/GOODS/ NCB/079/80-05 | Purchase of Electric water pump (Motor) | 6219108.00 | 160000.00 | 3000.00 |
| ५. | AM/WORKS/ NCB/079/80-06 | Construction of Building in Agleshwara School | 8469589.41 | 215000.00 | 3000.00 |
| ६. | AM/WORKS/ NCB/079/80-07 | Construction of Building in Sonamai school Bhoil | 3299198.79 | 90000.00 | 3000.00 |
| ७. | AM/WORKS/ NCB/079/80-08 | Completion of Ground floor Building in secondary school Bhoil Timkiya | 5608132.92 | 145000.00 | 3000.00 |

**प्रमुख प्रशासकीय अधिकृत**

## महोत्तरी गाँउपालिका
### गाँउ कार्यपालिकाको कार्यालय
### महोत्तरी, महोत्तरी
### मधेश प्रदेश, नेपाल

## पोखरीको ठेक्का सम्बन्धी सिलबन्दी दरभाउपत्र आव्हानको सूचना

(पहिलो पटक प्रकाशन मिति : २०७९।०८।११ गते)

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम यस गाँउपालिकाको स्वामित्व र संरक्षणमा रहेका पोखरीहरुमा माछा उत्पादन गरी बिक्री वितरण गर्ने प्रयोजनको लागि ठेक्का बन्दोवस्त गर्न पर्ने भएकोले इच्छुक व्यक्ति, फर्म वा कम्पनीहरुबाट देहाय बमोजिमको शर्तहरुको अधिनमा रही रितपूर्वकको सिलबन्दी दरभाउपत्र आह्वान गरिन्छ।

| सि.नं. | ठेक्का नं. | पोखरीहरुको नाम | ठेक्का अवधि | न्युनतम बोल अंक | बोलपत्र फारम दस्तुर |
|---|---|---|---|---|---|
| १ | 01/PO/079/080 | वडा नं. ५ पुर्नी डबरा पोखरी | ४ बर्ष | २० लाख मात्र। | १०००/- |
| २ | | वडा नं. ५ डोमवा घर निरको पुर्नी पोखरी | | | |
| ३ | | वडा नं. ६ डबरा पोखरी | | | |

१. दरभाउपत्र खरिद गर्न इच्छुक व्यक्तिले लिखित निवेदन पत्रसाथ आफ्नो नागरिकता प्रमाण पत्रको प्रतिलिपि तथा फर्म वा कम्पनीले फर्मको लेटर प्याडमा अधिकार प्राप्त व्यक्तिले दस्तखत गरेको लिखित निवेदन पत्रसाथ आ.व. २०७९/०८० का लागि नविकरण भएको इजाजपत्र, मुल्य अभिवृद्धि कर स्थायी लेखा नं. (पान) दर्ता प्रमाण पत्र र आ.व. २०७८/०७९ को कर चुक्ता प्रमाण पत्रको प्रतिलिपि संलग्न गरि यो सुचना प्रकाशित भएको मितिले १५ (पन्द्र) औं दिन अर्थात मिति २०७९।०८।२५ गते सम्म कार्यालय समय भित्र उल्लेखित दरभाउपत्र फारम दस्तुर (पछि फिर्ता नहुने गरी) तिरी यस कार्यालयको प्रशासन शाखाबाट दरभाउपत्र फारम खरिद गर्न सकिनेछ।

२. खरिद गरिएको दरभाउपत्रमा उल्लेख भएका सबै विवरणहरु प्रष्ट सँग अध्ययन गरी सम्बन्धित व्यक्तिले सहीछाप सहित सिलबन्दी गरी खाम बाहिर ठेक्काको नाम र प्रेषकको नाम र ठेगाना प्रष्ट सँग लेखी १६ (सोह्रौं) दिन अर्थात २०७९।०८।२६ गतेको दिनको १२:०० बजेसम्म यस कार्यालयमा दर्ता गराई सक्नु पर्नेछ। यसरी दर्ता भएका दरभाउपत्रहरु सोही दिन दिनको २:०० बजे पछि गाँउ कार्यपालिकाको कार्यालय, महोत्तरीमा दरभाउपत्रदाताहरु वा निजको प्रतिनिधिहरुको उपस्थितमा खोलिन्छ। उक्त समयमा दरभाउपत्रदाता वा निजको प्रतिनिधिहरु उपस्थित नभएमा समेत रितपूर्वकको दरभाउपत्र खोलिने कार्यमा बाधा पर्ने छैन।

३. दरभाउपत्र फारम खरिद दर्ता गर्ने अन्तिम दिन सार्वजनिक विदा पर्न गएमा सोको भोलिपल्ट अर्थात कार्यालय खुलेको दिन सोही समयमा विक्रि गर्ने दर्ता गर्ने र खोल्ने कार्य हुनेछ।

४. दरभाउपत्र साथ आफुले कबोल गरेको अंक रकमको ५५ ले हुने धरौटी रकम एन एम बी बैंक, महोत्तरी स्थित रहेको यस कार्यालयको स्थानिय तह धरौटी खाता नं. ११५००७१९१०००००१०८ मा जम्मा गरेको सक्कल बैंक भौचर वा सो रकम बराबरको कुनै पनि वाणिज्य बैंकले यस कार्यालयको नाउँमा जारी गरिएको बोलकबोल जमानी पत्र (कम्तिमा १२० दिन म्याद भएको) सक्कल प्रति संलग्न राख्नुपर्नेछ। धरौटी रकम दरभाउपत्र साथ नगद खामी आएमा यस कार्यालय जिम्मेवार हुने छैन, साथै त्यस्तो दरभाउपत्रहरु अमान्य हुनेछ।

५. ठेकेदारले पोखरी ठेक्का भोगचलन गर्दा यस कार्यालयको निर्देशन र सम्झौतामा उल्लेखित शर्त बमोजिम काम गर्नु पर्नेछ। ठेकेदार तथा गाँउपालिका बिच कुनै किसिमको मत भिन्नता पाईएमा गाँउपालिकाको निर्णयलाई अन्तिम निर्णय मानिनेछ।

६. पोखरीको ठेक्का सम्बन्धी अन्य व्यवस्था गाँउपालिकाको निर्णय बमोजिम हुनेछ। प्राप्त दरभाउपत्रहरु कुनै पनि कारण जनाई वा सम्पूर्ण वा आंशिक रुपमा पोखरीको ठेक्का स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहनेछ।

# प्रदेश सरकारको नेतृत्व अब कांग्रेस वा एमालेको हातमा जाने निश्चित

**बाला खुद्दार**

जनकपुरधाम । प्रतिनिधि र प्रदेशसभाको निर्वाचन सम्पन्न भइ उम्मेदवारहरुको मत परिणाम धमाधम आइरहेको छ । प्रदेश सभाको ६४ वटा निर्वाचन क्षेत्र रहेको मधेश प्रदेशमा अहिलेसम्म ६१ वटा क्षेत्रको मतपरिणाम सार्वजनिक भइसकेको छ ।

अहिलेसम्मको मतपरिणाम अनुसार मधेश प्रदेशमा बसभन्दा ठूलो पार्टीको रुपमा नेकपा एमाले देखिएको छ । एमाले १३ सिटमा जित सुनिश्चत गरिसकेको छ भने महोत्तरीको निर्वाचन क्षेत्र १ को ख मा अग्रता कायम छ ।

त्यसैगरी, कांग्रेस १२,जसपा ९ सिटमा जित हात पारेका छन् । लोसपा ७ वटा सिटमा जित हासिल गरेका छन भने सर्लाहीको निर्वाचन क्षेत्र नम्बर २ को ख मा अग्रता कायम छ । माओवादी केन्द्र र नेकपा एकीकृत समाजवादी पार्टी ४/४ वटा क्षेत्रमा जित हासिल गरेका छन् ।


त्यसैगरी, प्रदेशसभाको पहिलो पटक डा.सिके राउतको नेतृत्वको पार्टी जनमत पार्टीले ६ सिट जितको छ । यो निर्वाचनको अर्को रोचक पक्ष के हो भने प्रदेशसभामा मात्रै ६ जना स्वतन्त्र उम्मेदवार विजयी भएका छन् ।

यस अघिका प्रदेशसभाको निर्वाचनमा एक जना मात्रै स्वतन्त्र उम्मेदवार अब्बुल कलाम अजाद निर्वाचित भएका थिए । जुन पछि तत्कालीन संघीय समाजवादी पार्टीमा प्रवेश गरेका थिए । अजाद अहिले जनता समाजवादी पार्टीबाट प्रदेश सभामा पुनः विजयी भएका छन् ।

मधेश प्रदेशमा प्रत्यक्ष ६४ र समानुपातिकको ४३ वटा सिट गरी १०७ वटा सिट रहेको छ । प्रत्यक्षतर्फको परिणाम करिब आइसकेको अवस्था छ । समानुपातिकतर्फको पूर्ण मतपरिणाम आउन अझै करिब एक सप्ताहसम्म कुर्नुपर्ने अवस्था छ । तर अहिले सम्मको समानुपातिक मतपरिणामको नतिजा हेर्दा कांग्रेस १ लाख ७४ हजार ४४ मत ल्याएको छ भने एमाले १ लाख ४९ हजार ९२० मत ल्याइ अग्रता छन् । अर्थात समानुपातिकमा पनि काँग्रेस र एमाले नै अधिक सिट ल्याउने देखिन्छ । मधेश केन्द्रित दल जसपा अहिलेसम्म १ लाख २२ हजार २५०, जनमत १ लाख ४४१, माओवादी केन्द्र ६६ हजार ४०५, नेकपा एस ४७ हजार ८२२, लोसपा ४५ हजार ६९६ मत मात्र ल्याउन सकेको छ ।

प्रत्यक्ष र समानुपातिकतर्फको सम्पन्न नहुँदै राति सुत्ने ओछ्यानदेखि चिया पसलसम्म प्रदेश सरकार गठनको विषयले चर्चा पाइरहेको छ । अर्थात आगामी प्रदेश सरकारको नेतृत्व कसले गर्ने ? कसरी दलहरुले सरकार बनाउने लगायतका विषयमा सर्वसधारणदेखि राजनीतिकर्मीले चासो लिएका छन् ।

अहिले जनता समाजवादी पार्टी (जसपा)को नेतृत्वमा मधेश प्रदेश सरकारमा माओवादी केन्द्र, नेकपा एकीकृत समाजवादी पार्टी रहेका छन् । तत्कालीन जसपा विभाजित हुँदा लोसपा अलग भएपछि जसपाले कांग्रेस, माओवादी केन्द्र र नेकपा एसलाई सरकारमा सामेल गरेका थिए । तर निर्वाचनमा सिटबाँडफाँटका विषयमा सत्तारुढ गठबन्धन दलसँग कुरा नमिलेपछि जसपा अध्यक्ष उपेन्द्र यादव नेकपा एमालेसंग गठबन्धन गरेर चुनावमा होमिए । तर अध्यक्ष यादवलाई एमालेसंगको चुनावी तालमेलफापेन। अन्ततः मधेश प्रदेश सरकारको नेतृत्वमा पनि गुमाउने अवस्थामा पुगेको छ ।




जसपा अध्यक्ष यादव एमालेसँग चुनावी तालमेल गरेपछि सत्तारुढ गठबन्धन दलका नेतृत्व गरिरहेका कांग्रेसका सभापति तथा प्रधानमन्त्री शेरवहादुर देउवा जसपाका मन्त्रीहरुलाई सरकारबाट हटाएका थिए ।

त्यसको प्रतिशोधमा जसपाका अध्यक्ष यादवको निर्देशनमा मधेश प्रदेशका मुख्यमन्त्री लालबाबु राउतले पनि कांग्रेसका तीन मन्त्रीलाई निर्वाचनको मुखमा हटाए । यसरी सत्तारुढ गठबन्धनबाट अलग भएका जसपालाई अहिलेको निर्वाचनको मत परिणामले मधेश प्रदेशमा पनि सरकारको नेतृत्व भन्दा पनि सरकार बनाउनमा पनि उनको भूमिका महत्वपूर्ण हुने अवस्थामा छैन । कारण समानुपातिकको मतगनामा पनि मधेश प्रदेशमा पनि नेपाली कांग्रेस र एमालेकै अग्रता देखिन्छ । त्यसपछि मधेशमा उदायको नयाँ शक्ति जनमत पार्टीको समानुपातिकमा अग्रता देखिन्छ ।

यसरी मधेश प्रदेश सरकार बनाउन कांग्रेस र एमालेको साथ र समर्थन आवश्यक हुन जान्छ । मधेश केन्द्रित दलहरुले अहिलेसम्म जितेको र अग्रता कायम गरेको सिटलाई आधार मानेर विशलेषण गर्ने हो भने जसपा, लोसपा र जनतम पार्टीको ५१ प्रतिशत सिट पाउन सक्ने अवस्था छैन ।

सत्तारुढ पाँच दलीय गठबन्धन ५१ प्रतिशत सिट ल्याउने सम्भावना प्रबल छ । फेरि एमाले जसपा गठबन्धनले पनि एक्लै चाहेको खण्डमा सरकारको लागि आवश्यक बहूमत ल्याउन सक्ने अवस्था छैन । तर जनमत पार्टी र स्वतन्त्रको सहयोगले सरकार बनाउने सक्ने सम्भावना खोज्न सकिन्छ । तर यी दुबै सर्तमा मधेश प्रदेशको नेतृत्व राष्ट्रिय पार्टी कांग्रेस वा एमाले नै पाउने छ ।

यसैबीच, प्रदेश सरकार गठनमा स्वतन्त्रको निर्वाचित सांसदको भूमिका महत्वपूर्ण हुने भएको छ । प्रत्यक्षतर्फको मतपरिणामलाई आधार मान्ने हो भने सत्तारुढ गठबन्धन दललाई पनि सरकार गठनको लागि आवश्यक बहुमत छैन ।

कांग्रेसको १२, लोसपाको अग्रता सहित ८, माओवादी केन्द्र र नेकपा एसको मतलाई जोडदा २८ मात्र पुग्छ । सरकार बनाउन ५१ प्रतिशत सिट आवश्यक हुन्छ यस्तोमा प्रत्यक्षतर्फ मात्रै ३३ सिट चाहिन्छ । यस्तोमा सत्तारुढलाई सरकार बनाउन स्वतन्त्र वा जनमत पार्टीको सहयोग आवश्यक छ ।

त्यसैगरी, जसपा एमाले गठबन्धनको जसपाको ९ र एमालेको १ स्थानमा अग्रता सहित १४ गरी २५ हुन्छ । जसपा एमाले गठबन्धनले ६ सिटमा विजयी जनमतको समर्थनमा सरकार बनाउन सक्दैन । त्यसलाई पनि स्वतन्त्रको सहयोग आवश्यक पर्छ ।

प्रदेशमा बन्ने मिलीजुली सरकार केन्द्रको सरकार जस्तै अस्थिर रहने देखिन्छ । लालबाबु राउत नेतृत्वको सरकारले ६ पटकसम्म सरकार विस्तार गरे पनि मधेश प्रदेश सरकारको नेतृत्वमा गरिहे । तर अब गठन हुने सरकार लालबाबु नेतृत्वको सरकारको भन्दा कमजोर हुने राजनीतिक विश्लेषकहरुको भनाइ छ । तत्कालीन संघीय समाजवादी र राजपाको बलियो सरकार झण्डै तीन वर्षसम्म चलेको थियो । तर राष्ट्रिय राजनीतिमा उथलफुथल भएपछि त्यसको प्रभाव मधेश प्रदेश सरकारमा पनि पर्‍यो । नेकपा विभाजनको प्रभाव तत्कालीन जसपामा पनि पर्‍यो र जसपा विभाजित भएर लोसपा बन्दा प्रदेश सरकारमा कांग्रेस, माओवादी र नेकपा एसले प्रवेश पाए । प्रदेशको नाम र राजधानीको लागि चाहिने आवश्यक बहुमत नभएको र आफ्ना नेतृत्वको सरकारलाई बचाई राख्ने कांग्रेस, माओवादी र नेकपा एसलाई पनि सरकारमा ठाँउ दियो ।

राजनीतिक विशलेषक रोशन जनकपुरीले अहिलेको सिनारियोले मधेश प्रदेशमा पाँच दलीय गठबन्धनले प्रदेशमा सरकार बनाउन सक्ने अवस्था छ । तर त्यो पहिलाको जस्तो टिकाउन भने अवस्थामा रहदैन । कारण संघीय सरकार नै अस्थिर रहने अवस्थाको हुन्छ । फेरि, अर्को गठबन्धन एमाले जसपाले जनमत, स्वतन्त्र वा स-साना दलहरुलाई मिलाएर सरकार गठन गरेको खण्डमा त्यो झन कमजोर हुन्छ । यी दुबै कारणले अव गठन हुने प्रदेश सरकारको जग बलियो हुने सम्भावना कम रहेको उनको भनाइ छ ।

'फेरि एमाले जसपा चुनावी तालमेल गरे पनि यी दुबै दलबीचको सम्बन्ध बलियो हुन सके को छैन, उनले अगाडि भने,एमाले अध्यक्ष ओली जसपा अध्यक्ष यादवसँग चुनावी तालमेल गर्न हात त मिलायो तर दिल मिलाउन सकेनन्, जसको कारण जसपाको सहयोगले एमालेको केही सिट त मधेश प्रदेशमा थपियो तर जसपालाई एमालेसंगको चुनावी तालमेल फापेन ।'

'अन्तर्घात एमाले जसपा गठबन्धनबीच मात्र नभइ सत्तारुढ गठबन्धन दलबीच पनि भएको हो,उनले अगाडि भने,'जनमत पार्टीको मधेशमा नयाँ शक्तिको रुपमा उदय हुनु भनेको विभिन्न कारणहरु मध्ये कांग्रेस र एमालेको सहयोग पनि एक हो । गठबन्धनको हिसाबले जहाँ कांग्रेसको मत लोसपामा र एमालेको मत जसपामा पर्नुपर्नेमा जनमतमा गयो, जनमतका हारेका उम्मेदवारहरुले पनि राम्रो मत ल्याएको अवस्था छ, त्यो कहाँबाट आएको होला ? गठबन्धन भित्रमा पनि व्यापक असन्तुष्टि देखिएकोले अव गठन हुने सरकारले त्यहि सेरोफेरोको हुने निश्चित छ ।' तत्काल सत्तारुढ गठबन्धनकै मधेश प्रदेशमा सरकार बन्ने सम्भावना रहेको उनले बताए ।

# आज मटकोर तिलकोत्सव सम्पन्न



**टुडे समाचारदाता**

जनकपुरधाम । सप्ताहव्यापी सीताराम विवाहपञ्चमी महोत्सव अन्तर्गत चौथो दिन तिलकोत्सव सम्पन्न भएको छ । शनिबार( आज) राम मन्दिरको प्राङ्गणमा तिलकोत्सव मनाइएको छ ।

जानकी मन्दिरका सहायक महन्थ रामरोसन दास र राम मन्दिरका महन्थ राम गिरीले अंकमाल (सम्धी मिलन) गर्दै तिलकोत्सव विधि गरेका थिए । त्रेता युगमा भगवान राम र सीताको विवाह भएको सम्झनामा जनकपुरधाममा सीताराम विवाह पञ्चमी महोत्सव सातासम्म मनाइन्छ ।

जानकी मन्दिरबाट 'भार'लिएर जानकी मन्दिरका सहायक महन्थ दाससहित श्रद्धालुहरु राम मन्दिर पुगेका थिए । त्यहाँ तिलकोत्सवको अवसरमा दुबै पक्षबीच हार्दिकता साटासाट गर्दै हाँसोठट्टा कार्यक्रम भएको थियो । तिलकोत्सव कार्यक्रममा जानकी मन्दिरबाट फलफूल, मिष्ठान लिएर श्रद्धालुहरु राम मन्दिरको प्राङ्गणमा पुगेर तिलकोत्सव कार्यक्रममा सहभागी भएका थिए ।

तिलकोत्सवमा दुलही पक्षको प्रतिनिधित्व गर्दै जानकी मन्दिरका सहायक महन्थ दासले भार दुलहा पक्षका प्रतिनिधित्व गरेका राम मन्दिरका महन्थ गिरीलाई हस्तान्तरण गरेका थिए ।

विवाहपञ्चमीको पाँचौ दिन आइतबार माता जानकीको मटकोर हुनेछ । मटकोर विधि गंगासागर पोखरीमा हुनेछ भने सोमबार विवाहपञ्चमीको मुख्यदिन जानकी स्वयम्वर तथा राति जानकी मन्दिरमा वैवाहिक कार्यक्रम हुनेछ । मंगलबार रामकलेवा गरेसँगै विवाहपञ्चमी विधिवत रुपमा सम्पन्न हुनेछ ।

# जनकपुरधामबाट आज शोभायात्रा

**टुडे समाचारदाता**

जनकपुरधाम । सीताराम विवाहपञ्चमी अन्तर्गत मटकोर विधिको लागि जनकपुरधामबाट आइतबार विहान शोभायात्रा निकालिने भएको छ ।

सुन्दरसदन कुटीको आयोजनामा निकालिने शोभायात्रा धनुषा-सिरहा जोड्ने कमला नदीसम्म पुग्नेछन् । त्यहाँ किशोरीजीको मटकोर विधिका सामग्रीहरुलिएरपुनः जनकपुरधाम फर्किने कार्यक्रम रहेको छ ।

यात्रामा कमला बचाउ अभियान र हिन्दू सम्राट सेनाको सहयोग रहेको छ । यात्रा मोटरसाइकल र्‍याली गरेर गरिने छन् । सुन्दर सदन कुटीबाट शुरु हुने शोभायात्रा पिडारी चोक हुँदै मुरली चोक भएर हुलाकी राजमार्गबाट कमला खोला पुग्ने सुन्दर सदन कुटीका महन्थ नवलकिसोर दासले जानकारी दिए ।

# लोसपा नगर अध्यक्ष चौधरीद्वारा राजिनामा



**टुडे समाचारदाता**

जनकपुरधाम । लोकतान्त्रिक समाजवादी पार्टी नेपाल (लोसपा) जनकपुरधाम उपमहानगरपालिकाका नगर अध्यक्ष मनोज चौधरीले राजिनामा दिएका छन् ।

शनिवार लोसपाका केन्द्रीय कार्य समितिलाई उनले राजिनामा पत्र बुझाएका छन् । उनले पार्टीको साधारण सदस्यसमेतबाट राजिनामा दिएको पत्रमा उल्लेख गरेका छन् ।

प्रतिनिधिसभा तथा प्रदेशसभा निर्वाचनमा पार्टीका उम्मेदवार अनिल झा र प्रदेशसभातर्फ परमेश्वर साह पराजित भएपछि गल्ती स्वीकार गर्दै उनले नैतिकताको आधारमा राजिनामा दिएको पत्रमार्फत जनाएका छन् ।

'धनुषा क्षेत्र नम्बर ३ र ३ को 'ख'मा पार्टीको उम्मेदवार पराजित भएको अवस्थालाई नगर अध्यक्षको हैसियतले कमी कमजोरी स्वीकार गर्दै क्षमा याचनाका साथ लोसपा नगर कमिटिको अध्यक्ष पदबाट राजिनामा गर्नुको साथै पार्टीको साधारण सदस्यसमेतबाट राजिनामा गर्दछु,'राजिनामा पत्रमा उल्लेख छ ।

उनले पार्टी त्याग गरेपछि अर्को पार्टीमा जाने विषयमा खुलाएका छैनन् । यद्यपि उनी नेपाली कांग्रेसमा जान सक्ने सम्भावना बढी छ ।

# अधिकृतविरुद्ध प्रदर्शन



**टुडे समाचारदाता**

जनकपुरधाम । धनुषा निर्वाचन क्षेत्र नम्बर २ बाट नेकपा एमालेका उम्मेदवार उमाशंकर अरगरिया तथा उनका समर्थकहरुले जनकपुरधाममा प्रदर्शन गरेका छन् ।

शनिबार निर्वाचन अधिकृत धर्मअवतार कोइरालालाई कारबाहीको माग गर्दै उनीहरुले प्रदर्शन गरेका छन् । कोइरालाले मतगणनामा पक्षपात गरेको आरोप लगाउँदै उनलाई बर्खास्त गर्नुपर्ने माग गरेका छन् ।

धनुषा निर्वाचन क्षेत्र नम्बर २ मा निर्वाचन कार्यालयका अनुसार १५७ मतले नेपाली कांग्रेसका रामकृष्ण यादव विजयी भइसकेका छन् ।

अरगरियाका अनुसार प्रतिनिधिसभाको मतपत्र प्रदेशसभाको पेटिकामा गएको छ । निर्वाचन अधिकृतकै लापरबाहीले चार सय मतपत्र प्रदेशसभाको मतपेटिकामा गएको र उक्त सदर मतगणना गर्नुपर्ने उनको माग छ । उक्त मत गणना गर्नुपर्ने निर्वाचन निर्देशिकामा व्यवस्था भए पनि निर्वाचन कोइरालले गणना नगरेको उनको जिकिर छ ।

प्रदर्शनमा उनीहरुले ' धनुषा निर्वाचन क्षेत्र २ को मत गणना पुनः गर, घुसखोर निर्वाचन अधिकृतलाई कारबाही गर, जनमतको कदर नगर्ने अधिकृतलाई बर्खास्त गर र अर्को मतमा खसेको सदर मतगणना गर जस्ता नाराबाजी गरेका थिए ।

मुख्य निर्वाचन अधिकृतको कार्यालयले घोषणा गरेको परिणाम अनुसार अरगरियाले १९ हजार ९९५ र कांग्रेसका रामकृष्ण यादवले २० हजार ११२ मत प्राप्त गरेका छन् ।

# आतंकवाद विरुद्ध केण्डल मार्च




**टुडे समाचारदाता**

जनकपुरधाम । जनकपुरधाममा शनिबार केण्डल मार्च गरिएको छ । भारतको मुम्वईमा भएको २६/११ घटनामा शहादत प्राप्त गर्नेहरुको स्मरणमा दीप प्रज्जवलन गरी केण्डल मार्च गरिएको छ ।

मानवता संरक्षण मंचले शान्तिपूर्ण केण्डल मार्च निकाल्दै आजकै दिन मुम्वइको विभिन्न ठाउँमा भएको आतंकवादी हमलामा परी मृत्युवरण गरेका व्यक्तिहरुप्रति श्रद्धाभाव अर्पण गरिएको थियो ।

जनकपुरधामको रेल्वेस्टेशनबाट निस्केको केण्डल मार्च जनकचोकमा गइ कोणसभामा परिणत भएको थियो ।

कोणसभामा मंचका संयोजक सुनिल कुमार यादवले आतंकवाद र आतंकवादी मानवताको शत्रु भएकोले यसको विरुद्ध खुलेर बोल्नुपर्ने बताए ।

नेपालमा पनि आतंकवादको गतिविधिहरु बढ्दै गएकोले समयमै सजग भइ कडा कदम चाल्न सरकारलाई उनीहरुले अनुरोध गरे ।

आतंकवाद विरुद्ध अन्तरर्ाष्ट्रिय निकायमा आवाज उठाउनुपर्ने उनीहरुले सरकारसंग माग गरे । आतंकवादको कुनै जाती र धर्म नभएकाले आतंकवादविरुद्ध सबैको साथ र सहयोगको आवश्यकता रहेको उनले बताए ।

# गठबन्धन हराउन निधिको 'डम्मी'

**टुडे समाचारदाता**

जनकपुरधाम । पाँच दलीय गठबन्धनको उम्मेदवारलाई पराजित गराउन नेपाली कांग्रेसका नेता विमलेन्द्र निधिले 'डम्मी' उम्मेदवार उठाएको आरोप लागेको छ ।

धनुषा निर्वाचन क्षेत्र नम्बर ३ र ३ 'ख' मा पाँच दलीय गठबन्धनबाट उम्मेदवारी दिएका लोकतान्त्रिक समाजवादी पार्टी (लोसपा)को उम्मेदवारलाई पराजित गराउन उनले 'डम्मी' उम्मेदवार उठाएको आरोप लागेको छ ।

निधिकै इसारामा गठबन्धनभित्र अन्तर्घात भएको लोसपाको मधेश प्रदेशका सचिव रामविनोद चौधरीले बताएका छन् ।

उनका अनुसार प्रतिनिधिसभाको उम्मेदवार अनिल झा र ३ को 'ख'बाट उम्मेदवारी दिएका परमेश्वर साहलाई निधिले हराउन अभियान चलाएको उनको आरोप छ ।

नेपाली कांग्रेसका नेता तथा कार्यकर्ताहरुले विश्वासघात गर्दा अनिल झा र परमेश्वर साह पराजित भएको उनले बताएका छन् ।

साहलाई हराउन निधिले कांग्रेसकै हरिशंकर साहलाई डम्मी बनाएको चौधरीले आरोप लगाएका छन् ।

साहलाई नेकपा एमालेका दीपेन्द्र ठाकुरले एक हजार चार सय तीन मतले पराजित गरेका छन् । तर डम्मी भनिएका हरिशंकर साहले दुई हजार ९ सय ९८ मत ल्याएका छन् ।

# दूतावास अगाडि प्रदर्शन

**टुडे समाचारदाता**

वीरगञ्ज । १४ वर्ष अघि भएको मुम्बई हमलाको विरोध गर्दै राष्ट्रिय एकता अभियानले शनिवार काठमाण्डु स्थित पाकिस्तानी दूतावास अगाडि प्रदर्शन गरेका छन् ।




अभियानका अध्यक्ष विनय यादवको अगुवाइमा भएको प्रदर्शनमा मुम्वईमा भएको आतंकवादी आक्रमण विरोध गरिएको छ ।

प्रदर्शनमा 'जिहादको नाममा हिन्दूलाई मार्ने कार्य बन्द गर, आतंकवादलाई प्रश्रय दिने मुलुक अपराधि हो, विश्व शान्तिको शत्रु पाकिस्तान-होसियार, आतंकी परिचालन बन्द गर, आतंकी अखाडा बन्द गर पाकिस्तान, मानवअधिकारको उल्लंघन बन्द गर, कट्टरपन्थी पाल्ने देश मुर्दावाद, विश्वमा शान्ति कायम गर, विश्वभरका हिन्दू एक हौ' लगायतका नारा लगाइएको थियो।

नोभेम्बर २६, २००८ मा लस्कर-ए-तैयबाका दश प्रशिक्षित र भारी सशस्त्र लडाकूहरूले मुम्बईका धेरै ठाउँहरू र प्रतिष्ठित भवनहरूमा आक्रमण गरेका थिए। चार दिनसम्मसम्म चलेको हमलामा १६० जनाभन्दा बढी मानिस मारिएका थिए।

आक्रमणकारीले मुम्बईका दुई पाँचतारे होटल, अस्पताल, रेलवे स्टेशन र यहुदी केन्द्रलाई निशाना बनाएका थिए। मुम्बई प्रहरी र अनुसन्धान अधिकारीहरूका अनुसार आक्रमणकारीहरू दुई समूहमा विभाजित थिए।

**तपाई निम्न मध्ये कुनै विवाहको साक्षी त बनिरहनु भएको छैन ?**

- बाल विवाह
- बहु विवाह
- अनिच्छित विवाह
- दबाव विवाह
- दाइजो विवाह

**विचार गर्नुस,**

के तपाई अपराध र अपराधीलाई सहयोग त गरिरहनु भएको छैन ? यी सबै विवाह सामाजिक र कानूनी अपराध हुन् ।

नेपाल सरकार
विज्ञापन बोर्ड

जनकपुर टुडे मिडिया ग्रुप प्रा.लि.द्वारा प्रकाशित प्रधान सम्पादक : बृजकुमार यादव, ठेगाना : जनकपुरधाम, फोन नं. ०४१-५९११०१, E-mail : jtodaynews@gmail.com, jtodayad@gmail.com, Website : www.ejanakpurtoday.com, जि.प्र.का.ध.द.नं. ९१/०५७/५८